लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

# दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी रणनीति, २०८१

## अन्तिम प्रतिवेदन

# विषय सूची


**परिच्छेद – १: परिचय** १

१.१ पृष्ठभूमी १

१.२ नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनका लागि भएका प्रयासहरु १

१.३ दिगो विकास लक्ष्य-२०३० को स्थानीयकरण रणनीतिको उद्देश्य २

१.४ दिगो विकास लक्ष्यको स्थानीयकरणको औचित्य ३

१.५ रणनीति निर्माण विधि ३

१.६ रणनीति निर्माणका सिमा ४

**परिच्छेद – २: गाउँपालिकाको विकासको विद्यमान स्थिति** ५

२.१ गाउँपालिकाको परिचय ५

**परिच्छेद – ३: दिगो विकास लक्ष्य-२०३० को स्थानीयकरण रणनीति** ९

३.१ दिर्घकालीन सोँच ९

३.२ अपेक्षित उपलब्धी ६८

३.३ संस्थागत व्यवस्था ६८

३.४ वित्तीय स्रोत ६८

३.५ अनुगमन तथा मूल्याङ्कन ६८

३.६ जोखिम ६९

३.७ खारेजी ६९

# परिच्छेद – १:
# परिचय

## १.१ पृष्ठभूमी

सन् २००० देखि २०१५ सम्म कार्यान्वयनमा रहेको सहश्राब्दी विकास लक्ष्यको हासिल हुन बाँकी लक्ष्यको निरन्तरता साथै अन्तरसम्बन्धित र नयाँ विषय सहित विश्वव्यापी रूपमा दिगो विकासको लक्ष्य (दि.वि.ल.) कार्यान्वयनमा ल्याइएको हो । भावी पुस्ताको आवश्यकतासँग सम्झौता नगरी वर्तमानको आवश्यकता परिपूर्ति गर्नु नै दिगो विकासको अवधारणा हो । यही अवधारणालाई हृदयङ्गम गरी समृद्धिको सिर्जना, समन्यायीक वितरण र दिगोपना कायम गर्ने विश्वव्यापी कार्यसूची नै दिगो विकास लक्ष्य-२०३० हो जुन सदस्य राष्ट्रहरूको समान सहभागिताबाट तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। मानिस, पृथ्वी, शान्ती, समृद्धि र साझेदारी केन्द्रबिन्दुमा राखिएको दिगो विकास लक्ष्यलाई आर्थिक, सामाजिक, पर्यावरणीय, संस्थागत र शासकीय आयामबाट परिभाषित गरिएको छ ।

सेप्टेम्बर २५, २०१५ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट १९३ राष्ट्रहरुले हस्ताक्षरसहित पारित र कसैलाई पछि नछोड्ने सिद्धान्तमा आधारित दिगो विकास लक्ष्यका १७ वटा अविभाज्य र अन्तरसम्बन्धित लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्य र २३४ वटा विश्वव्यापी सूचक रहेका छन्। नेपालले विश्वव्यापी २३४ सूचकमा २४५ सूचक थप गरी ४७९ सूचकहरू कार्यान्वयनमा ल्याएको छ ।

## १.२ नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनका लागि भएका प्रयासहरु

पक्ष राष्ट्रको हैसियतले नेपालले दिगो विकास लक्ष्य-२०३० को कार्यान्वयनका लागि सन् २०१५ देखि नै आवधिक योजना, नीति, कार्यक्रम र बजेटमा समेतमा आन्तरिकीकरण गरेको छ । वि. सं. २०७२ को विनाशकारी भूकम्प, आर्थिक अवरोध, कोरोना महामारीकाबीच पनि सन् २०३० सम्म तोकिएको लक्ष्य हासिल गर्न देहायअनुसारको प्रयासहरू भएका छन-

### १.२.१ नीतिगत व्यवस्था

- चौधौँ आवधिक योजना (२०७३/७४-२०७५/७६) देखि आन्तरिकीकरण गरिएको,
- मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रममा आयोजना प्राथमिकीकरणको एउटा आधार दिगो विकास लक्ष्य प्राप्तिलाई पुऱ्याउने योगदानको रहेको जसको आधारमा दि. वि. ल को बजेट सांकेतीकरण गरिएको,
- दिगो विकास लक्ष्य कार्यान्वयनको लेखापरीक्षण समेत अभ्यासमा ल्याइएको,
- नेपाल सरकारले सन् २०१५ मा Preliminary Report on the SDGs र सन् २०१७ को High Level Political Forum on Sustainable Development मा Voluntary National Review प्रस्तुत गरेको।

### १.२.२ संस्थागत व्यवस्था

- राष्ट्रियसभा अन्तर्गत दिगो विकास तथा सुशासन समिति क्रियाशिल रहेको,

- दिगो विकास लक्ष्य कार्यान्वयनको लागि नीतिगत निर्देशन प्रदान गर्न सम्मानीय प्रधानमन्त्री अध्यक्षतामा निर्देशक समिति रहेको,
- निर्देशक समितिको मार्गनिर्देशनमा व्यवस्थापकीय प्रबन्धसहित कार्यान्वयन सहजीकरणको लागि राष्ट्रिय योजना आयोगको माननीय उपाध्यक्षको अध्यक्षतामा कार्यान्वयन तथा समन्वय समिति रहेको,
- योजना आयोगमा क्षेत्रगत विषय हेर्ने माननीय सदस्य संयोजक रहने विषयगत समितिहरू रहेका
- विषयगत मन्त्रालय, विकासका साझेदार, प्रदेश र स्थानीय तह, निजी, सहकारी र गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य गरी दिगो विकास लक्ष्य कार्यान्वयनको लागि आवश्यक व्यवस्थापकीय प्रबन्धसहितको प्रमुख भूमिकामा राष्ट्रिय योजना आयोग रहेको ।
- प्रदेशमा प्रदेश नीति तथा योजना आयोगले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको ।

### १.२.३ कार्यान्वयन संयन्त्र तथा निर्देशिका

- दिगो विकास लक्ष्य (वर्तमान अवस्था र भावी मार्गचित्र : 2016-2030), 2017
- Needs Assessment, Costing and Financing Strategy for SDGs, 2018
- दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका २०७७
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतिकरण स्रोत पुस्तिका, २०७९
- प्रदेश सरकार र स्थानीय तहका लागि संख्या सहित सूचक परिभाषित ।

## १.३ दिगो विकास लक्ष्य-२०३० को स्थानीयकरण रणनीतिको उद्देश्य

वि.सं. २०७२ मा जारी गरिएको नेपालको संविधानले राज्यको संरचनात्मक परिवर्तनसँगै शासन व्यवस्थालाई जनताको नजिकमा पुऱ्याउन संवैधानिक रुपमा कार्यजिम्मेवारी बाँडफाँड गरेको छ। नागरिकका आधारभूत मानव तथा मौलिक हक अधिकार कार्यान्वयनका लागि संविधानमा व्यवस्था भएका एकल र साझा अधिकारको अनुसूची र दिगो विकासका लक्ष्यबीच निकटतम सम्बन्ध रहेको छ । त्यसैगरी पन्ध्रौँ योजनाले सुख र संवृद्धिको लक्ष्य प्राप्तिको लागि तर्जुमा गरेको सूचक र दिगो विकास लक्ष्यबीच समेत परिपूरक सम्बन्ध रहेको छ । उदाहरणका लागि नेपालको संविधानले खाद्य सम्प्रभूताको मौलिक हकको सुनिश्चितता लागि खाद्य सम्प्रभुतासम्बन्धी कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने दिगो विकास लक्ष्य- २ ले भोकमरीको अन्त्य, खाद्य सुरक्षा र पोषण तथा दिगो कृषि विकासको लक्ष्य लिएको छ । तीनै तहका सरकारले तर्जुमा गर्ने विकास नीति, आवधिक तथा क्षेत्रगत योजना, वार्षिक बजेट तथा कार्यक्रम नै दिगो विकासका लक्ष्य हासिल गर्ने यथार्थ औजारहरु हुन् । तसर्थ गाउँपालिकाको दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन योजना नीति, कार्यक्रम तथा बजेट मार्फत दिगो विकासमैत्री स्थानीय शासन निर्माण नै दिगो विकास लक्ष्य-२०३० स्थानीयकरण रणनीतिको प्रमुख उद्देश्य हो । यसका अलावा यस रणनीतिका उद्देश्यलाई देहायअनुसारका उल्लेख गरिएको छ:

१. स्थानीय तहबाट कार्यान्वयन हुने सबै किसिमका नीति कार्यक्रममा दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गर्नु,
२. स्थानीय तहको वास्तविक अवस्थाको लेखाजोखा गरी आवश्यकता र क्षमताको आधारमा प्राथमिकीकरण र कार्यान्वयन संयन्त्र तयार गर्नु,

३. सामाजिक, आर्थिक, पर्यावरणीय र शासकीय आयाममलाई सुदृढ गर्दै विकासको प्रतिफलको सन्तुलित र न्यायोचित वितरण गर्नु,
४. स्थानीय तहमा व्याप्त गरिबी, भोकमरी, अशिक्षा, स्वास्थ्य सेवाको अनुपलब्धता, लैंगिक असमानता लगायतका क्षेत्रमा गुणात्मक परिवर्तन ल्याउनु,
५. स्थानीय तहमा कार्यरत विकासका साझेदारका कार्यक्रमलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ उन्मुख गराउनु,
६. संघीयताको मर्म अनुकुल तहगत सरकारका नीति र कार्यक्रमगत सामञ्जस्यता, स्रोतसाधनको साझेदारी तथा उपलब्धीको प्रभावकारी अनुगमन मूल्याङ्कन गर्नु,

## १.४ दिगो विकास लक्ष्यको स्थानीयकरणको औचित्य

दिगो विकासका लक्ष्य नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता कार्यान्वयनको विषयमात्र नभएर जनताको आधारभूत मानव तथा मौलिक अधिकारको विषय पनि हो। तसर्थ तहगत सरकारका नीति, कानून, बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गर्न, स्थानीय आवश्यकता अनुसार दिगो विकासका लक्ष्यलाई प्राथमिकीकरण र आन्तरिकीकरण गर्न, स्रोतको दोहोरोपन हटाउनेलगायतका कारणले स्थानीय तहमा स्थानीयकरणको रणनीति निर्माण गर्नुपरेको हो। यसका साथै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण, वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) लगायतका वित्तीय हस्तान्तरणका विभिन्न मापदण्ड र स्थानीय आवश्यकता समेतका कारणले दिगो विकास लक्ष्यको स्थानीयकरण रणनीति तयार गर्नु परेको हो । यस रणनीतिको आवश्यकता र औचित्यतालाई देहायअनुसार प्रस्तुत गरिएको छ:

१. संवैधानिक र कानूनी रुपमा स्थानीय तहलाई हस्तान्तरित आधारभूत वस्तु, सेवा र विकास निर्माणका कार्यलाई दिगो विकास लक्ष्यमैत्री बनाउन।
२. स्रोतसाधनको प्रभावकारी, दक्षतापूर्ण र मितव्ययी उपयोग गरी गाउँपालिकाबाट सबै प्रकारका गरिबी, भोकमरी, अशिक्षा, स्वास्थ्य सेवा तथा सुविधाको अभावको अन्त्य, लैङ्गिग समानता, स्वच्छ खानेपानी तथा सरसफाई लगायतका क्षेत्रमा गुणस्तरीय सुधार र सुशासनको स्थापना गर्न।
३. दिगो विकासको लक्ष्यको कार्यान्वयनमा सबै सरोकारवालाको अपनत्व तथा सहभागिता सुनिश्चितता गर्न ।
४. अन्तर सरकार, अन्तर निकाय र अन्तरक्षेत्र समन्वय गरी समृद्ध र सुखी गाउँपालिकाको निर्माण गर्न।
५. गाउँपालिकाले कार्यान्वयमा ल्याएका सूचकको उपलब्धी मापन गर्न ।
६. गाउँपालिकाबासीको जिवनस्तरमा गुणात्मक परिवर्तन गरी समानता र समन्यायमा आधारित समाज निर्माण गर्न ।

## १.५ रणनीति निर्माण विधि

प्रस्तुत रणनीति तयारीका क्रममा दिगो विकास लक्ष्यको राष्ट्रिय र प्रादेशिक खाका तथा स्थानीयकरणको राष्ट्रिय-अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गरिएको छ । यसका साथै-

१. दिगो विकास लक्ष्य कार्यान्वयनको लागि नेपालले गरेको कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थाको अध्ययन र विश्लेषण गरिएको।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको आवधिक र क्षेत्रगत योजनाको अध्ययन गरिएको ।

३. दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि गाउँपालिका र सोअन्तर्गत कार्यरत निजी, सामुदायिक, सहकारी र गैरसरकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमको समिक्षात्मक अध्ययन गरिएको।

४. गाउँपालिकाको दिगो विकाससँग सम्बन्धित विद्यमान वस्तुगत विवरणहरुको अध्ययन गरिएको।

## १.६ रणनीति निर्माणका सिमा

कुनै पनि अध्ययनलाई समयको उपलब्धता, वित्तीय स्रोतको व्यवस्थापन, अध्ययनमा संलग्न जनशक्ति, अध्ययन सामाग्रीको उपलब्धतालगायतका पक्षले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । दिगो विकास लक्ष्यको सूचकसँग तादात्म्य हुने क्षेत्रगत सूचक र तथ्याङ्कको उपलब्धता, साझेदार निकायको समन्वय र पृष्ठपोषणको उपलब्धताजस्ता विषयले यस रणनीतिको दायरालाई सिमित गरिदिएको छ।

# परिच्छेद – २:

# गाउँपालिकाको विकासको विद्यमान स्थिति

## २.१ गाउँपालिकाको परिचय

लिखु पिके गाउँपालिका कोशी प्रदेशअन्तर्गत सोलुखुम्वु जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने एक हिमाली गाउँपालिका हो । यहाँ अवस्थित प्रसिद्ध लिखु नदी र पिके चुचुराको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । पालिकाको सिमाना भएर बग्ने लिखु नदी सप्तकोशी नदीको एक सहायक नदी पनि हो । यस गाउँपालिकाको विभिन्न अग्ला डाँडाहरु मध्ये मुख्य पिके डाँडा हिमाली दृश्य अवलोकनको लागी निकै मनोरम र रमणीय स्थान हो । साँस्कृतिक, धार्मिक, तथा जातीय विविधता रहेको यस गाउँपालिकामा क्षेत्री, शेर्पा, तामाङ, विश्वकर्मा, ब्राहमण, भुजेल, थामीलगायतका जातजातिहरुको बसोबास रहेको पाइन्छ । यहाँ मनाईने मुख्य चाडपर्बहरुमा दशैं, तिहार, जनैपूर्णिमा, सोनाम, ग्याल्पो ल्होसार, हरितालिका तीज, रक्षा बन्धन, बुद्व जयन्तीलगायत रहेका छन् । पालिकाभित्र आफ्नै मौलिक विशेषता र महत्व रहेका विभिन्न धार्मिक, ऐतिहासीक र पौराणिक स्थलले महत्वपूर्ण रहेका छन । देबिथान, बौद्ध, खवतरी कुल मन्दिर, गुरू रिम्पोक्षे गुम्बा, ओर्गेन साङ छोलिङ गुम्बा, चण्डी स्थान, सेति भुमे मन्दिरलगायतका धार्मिक स्थलहरू रहेका यस पालिकामा लिखु नदिसहित किन्जा खोला, घट्टे खोला, खिम्जा खोलालगायतका जलसम्पदाहरु रहेका छन् । यहाँबाट विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको पहिचान सर्वोच्च शिखर सगरमाथासहित अन्य स-साना हिम चुचुराहरुको समेत दृष्यावलोकन गर्न सकिन्छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

#### (क) भौगोलिक अवस्था

समुन्द्र सतहबाट १,२९८ मिटरदेखि ४,२१८ मिटर सम्मको उचाईमा अवस्थित यो गाउँपालिकाको कूल क्षेत्रफल १२४.३८ वर्ग कि.मि. रहेको छ । भौगोलिक हिसाबले २७° ४८" देखि २७° ६१" उत्तरी अक्षांशसम्म र ८६° ३५" देखि ८६° ५१" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । नेपालको संघीय शासन प्रणालीअन्तर्गत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका गोली, चौंलाखर्क र भकान्जे गा.वि.स.हरुलाई समेटी स्थापना भएको हो । गाउँपालिकाको पूर्वमा सोलुखुम्बु जिल्लाकै सोलुदुधकुण्ड नगरपालिका, पश्चिममा रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका, उत्तरमा सोलुदुधकुण्ड र उमाकुण्ड गाउँपालिकासँग सिमाना जोडीएको छ भने दक्षिण सिमानामा ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिका रहेको छ । यहाँको हावापानीमा विविधता रहेको छ । यहाँ मुख्यतया उष्ण प्रदेशीय हावापानी, समशितोष्ण हावापानी र लेकाली हावापानी गरी ३ प्रकारको हावापानी रहेको पाईन्छ । गर्मी समयमा यहाँको तामक्रम बढेर ३३ डिग्री सेन्टीग्रेटभन्दा माथि र जाडो मौसममा तापक्रम झरेर माइनस 9 डिग्री सेन्टीग्रेटसम्म हुने गर्दछ । यहाँको भौगोलिक, प्रशासनिक तथा जनसाँख्यिक अवस्थाको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ-

तालिका नं. १ भौगोलिक, प्रशासनिक र जनसांख्यिक संरचना

| वडा नं. | समावेश गाविस | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | औषत परिवार आकार | हालको वडाको क्षेत्रफल वर्ग (कि.मि.) |
|---|---|---|---|---|---|---|
| १ | गोली (६,७,८,९) | ३०५ | २९६ | ६०१ | ३.७१ | ३५.९० |
| २ | गोली (१,२,३,४,५) | ६३१ | ६३२ | १२६३ | ३.९७ | २७.६२ |
| ३ | चौलाखर्क (५,६,७,८,९) | ५७६ | ६०३ | ११७९ | ४.८७ | १०.०३ |
| ४ | चौलाखर्क (१,२,३,र ४) | ४९९ | ४६७ | ९६६ | ४.२२ | ५.५३ |
| ५ | भकान्जे गा. वि.स.का सबै वडाहरू (५,७) | ६६२ | ६६३ | १३२५ | ४.४२ | ४५.३१ |
| **जम्मा** | | **२६७३** | **२६६१** | **५३३४** | **४.२६** | **१२४.३८** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यहाँ रहेका प्रमुख नदीनालाहरूमा सप्तकोशी नदीको एक सहायक लिखु नदी, मार्बु खोला, थेमजेङ खोला, किञ्जा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसी खोला, बुकु खोला, कढडाबु खोला, ओइमु खोलालगायतका खोलाहरु रहेका छन् । यसका साथै चो सम्बा, चो नक्पु, दक्चुजस्ता पोखरीहरू पनि रहेका छन् । यहाँ अवस्थित पिके डाँडा महत्वपूर्ण पर्यटकीय क्षेत्र हो जहाँबाट सगरमाथालगायतका महालंगुर, क्यासर, नुम्वुर, पुमोरी, लोत्सेजस्ता हिमशृंखलाहरुको दृष्यावलोकन गर्न सकिन्छ । यसका साथै सगरमाथा पदमार्ग यही गाउँपालिकाको पिके डाँडा हुँदै सगरमाथाको आधार शिविर सम्म पुगेर टुगिन्छ । यहाँ आफ्नै मौलिक विशेषता र महत्व रहेका विभिन्न २५ भन्दा बढी धार्मिक महत्व बोकेका सम्पदाहरू रहेका छन् जसमध्ये देवी थान, बौद्ध, खवतरी कुल मन्दिर, गुरू रिम्पोचे गुम्बा, ओर्गेन साङ छोलिङ गुम्बा, चण्डी स्थान, सेती भूमे मन्दिर महत्वपूर्ण सम्पदाको रुपमा चिनिन्छन्। गाउँपालिकामा रहेका धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थलहरुको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ-

| वडा नं. | धार्मिक,साँस्कृतिक,पर्यटकीय तथा ऐतिहासिक स्थलहरुको नाम | महत्व |
|---|---|---|
| १ | पिके डाँडा | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | पिके झरना | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | ओगर गुफा | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | माने सम्सिंग भञ्याङ्ग | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | ओर्गेन साङ छिलिङ गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| | ङग्युर थक्छेक छोलिङ गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| | पेमा छोलिङ गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| | गुरु रिम्पोछे गुम्बा | धार्मिक, पर्यटकीय महत्व |

| वडा नं. | धार्मिक,साँस्कृतिक,पर्यटकीय तथा ऐतिहासिक स्थलहरुको नाम | महत्व |
|---|---|---|
| | गेप्चुका गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| २ | वुकु दोभान | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | कुपाङ्ग झरना | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| ३ | कोरेसीखोला झरना | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | ज्वालामाई मन्दिर | धार्मिक, पर्यटकीय महत्व |
| ४ | उपल्लो खर्क | वनभोज स्थान्, मनोरम दृश्यावलोकन |
| | किटिलि खर्क | वनभोज स्थान्, मनोरम दृश्यावलोकन |
| | चौँरी खर्क | वनभोज स्थान्, मनोरम दृश्यावलोकन |
| ५ | साङछोलीङ्ग गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| | काम्रिङ् छोलीङ्ग गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| | टशी छोलिङ् गुम्बा | धार्मिक, पर्यटकीय महत्व |
| | पाँमु डाँडा | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | लामजुरा डाँडा र कलाडाँडा | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | मेन्जु डाँडा | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | लिखु खोला | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | किञ्झा बजार | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |
| | चिया बगान | प्राकृतिक सुन्दरता, मनोरम दृष्यावलोकन |

*स्रोतः आवधिक योजना २०८०*

### २.१.३ गाउँपालिकामा विकासको विद्यमान अवस्था

गाउँपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा यस पालिकाको भौगोलिक विविधताले गर्दा यहाँ हावापानिमा पनि विविधता पाईन्छ । यसकारण यहाँ खाद्यान्न, गेडागुडी, तरकारी, फलफूलका साथै अन्य नगदेबालीको पनि प्रसस्त उत्पादन हुने गर्दछ । यहाँ व्यावसायीक रुपमा चिया खेती गरिन्छ भने यहाँको चिया विश्व बजारमा निर्यात हुने गरेको छ साथै किवि र मह पनि यहाँबाट निर्यात हुने कृषी उपजहरु हुन् । पशुपालनको लागि अनुकूल बातावरण र मौसम रहेको यस क्षेत्रबाट यहाँका स्थानीयले गाई, भैँसी, सुँगुर/बंगुर, चौरी, जोक्यो, याकजस्ता पशुहरु पनि पाल्ने र विक्री गर्ने गर्दछन् । यहाँ चिज फ्याक्ट्रि (चौँरीगाई दुधबाट सञ्चालित) व्यावसायीक बाख्रापालन केन्द्र र च्याउ खेती सञ्चालनमा रहेका छन् ।

गाउँपालिकाको आवधिक योजना २०८० मा प्राप्त तथ्याङ्क अनुसार यहाँ १८९ वटा उद्योग तथा व्यावसायहरु सञ्चालनमा रहेका छन् । जसमध्ये दर्ता भएर सञ्चालनमा आएका उद्योग व्यवसायहरु जम्मा ६५ वटा रहेका छन् । कूल १८९ वटा उद्योग व्यवसायहरुमा कृषि, वन र मत्स्य पालन सम्बन्धी २३, उत्पादनसँग सम्बन्धी ५४, खानी खनिजसँग सम्बन्धी ४६, होलसेल, खुद्रा, व्यवसायसँग सम्वन्धी ८७, यातायात, सञ्चारसँगसम्बन्धी ५ रहेका छन् । यसबाहेक भकाञ्जे

टी स्टेट, चिज कारखाना, जडीबुटीबाट प्रशोधन गर्ने २ वटा ठूला कारखाना रहेका छन् । यसैगरि यहाँका करिब २ सयभन्दा बढी घरपरिवारले २ रोपनीदेखि ५० रोपनीसम्मका क्षेत्रफलमा चिया खेती गर्दै आएका छन्। यसले गाउँपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुर्याएको छ

# परिच्छेद – ३:

# दिगो विकास लक्ष्य-२०३० को स्थानीयकरण रणनीति

## ३.१ दिर्घकालीन सोँच

"दिगो विकासको सुनिश्चितता, सम्वृद्ध गाउँपालिका" ।

**लक्ष्य- १: सबै क्षेत्रमा रहेका सबै स्वरुपको गरिबीको अन्त्य गर्ने ।**

**उद्देश्य-१ निरपेक्ष र बहुआयामिक गरिबीको रेखामुनी रहेका जनसंख्यामा व्याप्त गरिबी निवारण गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाभित्र गरिबीको रेखामुनी रहेका नागरिकहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने । | १. राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यासको आधारमा गरिबी मापनको वस्तुगत सूचक तयार गरिनेछ ।<br>२. सूचकको आधारमा गाउँपालिकाभित्र रहेका अशक्त, असहाय, फकिर तथा राष्ट्रिय गरिबीको रेखामुनी रहेका सम्पूर्ण घरपरिवार तथा सडक मानवहरूको तथ्याङ्क संकलन गरिनेछ ।<br>३. संकलित तथ्याङ्कलाई उमेर, लिङ्ग, क्षेत्र आदिको आधारमा वर्गीकरण गरिनेछ ।<br>४. गरिबीको मूल कारण पहिचान गरी महिला, बालबालिका, आदिवासी, जनजाती आदिको आवश्यकताको आधारमा सामाजिक, आर्थिक, नेतृत्व विकासका कार्यकम छनौट र कार्यान्वयन गरिनेछ। |
| २. कार्यान्वयनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमको प्रभाव अध्ययन गर्ने । | १. तीनै तहका सरकारवाट वितरित सामाजिक सुरक्षाका कार्यक्रमअन्तर्गत लाभग्राहीको तथ्याङ्क अद्यावधिक गरिनेछ ।<br>२. सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमले विपन्न वर्गको सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभावको अध्ययन गरिनेछ ।<br>३. दिगो सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनको लागि योगदानमा आधारित समाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि सबै औपचारिक र अनौपचारिक क्षेत्रका उद्योगी व्यवसायीलाई प्रोत्साहन गरिनेछ । |
| ३. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने । | १. निरपेक्ष गरीबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको अनुदानमा लक्षित गरीब घरपरिवारको स्वास्थ्य बिमा लगायत सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. विपन्न तथा सिमान्तकृत वर्गका लागि गरिब आवास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. अशक्त, असहाय तथा बेसहाराहरूलाई आश्रयस्थल तथा पोषणको प्रबन्ध गरिनेछ ।<br>५. बाढी, कटान, डुवान महामारी, प्रकोप लगायत विविध कारणबाट कुनै परिवारको आयआर्जन गर्ने मुख्य व्यक्तिको |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | | मृत्यु भएको र परिवारका अन्य सदस्यहरूको आयआर्जन गर्ने क्षमता नभएमा निजको परिवारलाई मासिक रुपमा निर्वाह भत्ता दिइनेछ । |
| | | ६. | भूमिहिन तथा सुकुम्बासीहरुलाई मापदण्डका आधारमा जग्गा उपलब्ध गराइनेछ । |
| | | ७. | **कोहि भोको पर्दैन, भोकले कोहि मर्दैन** भन्ने प्रतिबद्धताका साथ गाउँपालिका क्षेत्रलाई खाद्यान्नमा आत्मनिर्भर बनाइनेछ । |
| ४. | वित्तीय साक्षरता र पहुँच वृद्धिका लागि बैंक, वित्तीय संस्थासँग सहकार्य गर्ने । | १. | वचत तथा ऋण परिचालन, सहुलियत दरमा कर्जा प्राप्ति लगायतका विषयमा गाउँपालिकाभित्र सेवा प्रवाह गरिरहेका बैंक, वित्तीय संस्था र सहकारी संस्थाको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २. | गाउँपालिकाबाट कृषि, पशु उद्योग, लगायतका क्षेत्रमा उद्यमशिलता विकासका लागि गरेका कार्यको बारेमा संञ्चारका माध्यम, नागरिक समाज, आमा समूहमार्फत् प्रचार प्रसार गरिनेछ । |
| ५. | लक्षित समुहको आवश्यकतामा आधारित सीप तथा रोजगारमुलक कार्यक्रम संचालन गर्ने। | १. | जेष्ठ नागरिकका, अशक्त, अपाङ्ग, विभिन्न किसिमका हिंसा वा द्वन्द पिडितका लागि पुनर्स्थापना केन्द्र, स्याहार केन्द्र, सीप सिकाई तथा रोजगार केन्द्र स्थापनाको संभाव्यता अध्ययन गरिनेछ । |
| | | २. | पुन:स्थापित र शारीरिक रूपमा सक्रिय नागरिकलाई जिविकोपार्जन र आयमुलक कार्यमा सहभागी गराउन निजी क्षेत्रसँग समन्वय गरिनेछ। |
| | | ३. | कृषि क्षेत्रको विकासमार्फत रोजगारी श्रृजना गर्न दक्ष कृषि श्रमिक स्रोत केन्द्र स्थापना गरिनेछ । |
| | | ४. | बेरोजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुची र क्षमता अनुसार तालिम प्रदान गरिनेछ। |
| | | ५. | रोजगार केन्द्रको अगुवाइमा Job bank को स्थापना गर्न नियमित अध्ययन र अनुसन्धान गरिनेछ। |

## दिगो विकास लक्ष्य १ का सूचक र गन्तव्य

| क्र.स. | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| १ | गरिबीको रेखामुनि रहेको परिवार | प्रतिशत | १८ | १० |
| २ | बहुआयामिक गरिबीको दर | प्रतिशत | १५ | ५ |
| ३ | गरिबीको रेखामुनि रहेका महिला | प्रतिशत | १९ | १० |
| ४ | गरिबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | ९.२ | ५ |
| ५ | कूल बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ८ | ८.५ |
| ६ | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला | संख्या | १०० | २५० |

| क्र.स. | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| ७ | औपचारिक रुपमा वित्तिय सेवामा समेटिएका परिवार | प्रतिशत | ७० | ९० |

*स्रोत- ** गाउँ कार्यपालिकाको कार्यालय*

## लक्ष्य- २: भोकमरी अन्त्य, खाद्य सुरक्षा र उन्नत पोषण र दिगो कृषिको प्रवर्द्धन गर्ने ।

### उद्देश्य १ - खेतीयोग्य जमिनको वैज्ञानिक उपयोग गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. संघीय र प्रादेशिक भू-उपयोग नीति अनुरूप गाउँपालिकाको कृषि नीति र भू-उपयोग योजना निर्माण गर्ने । | १. गाउँपालिकाभित्र रहेको सबै प्रकारको जग्गाको पूर्णरुपमा लगत संकलन गरी व्यक्तिगत, सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार पारी भूमि प्रशासन प्रणालीमा आबद्ध गरिनेछ ।<br>२. गाउँपालिकामा उपलब्ध सिंचित र असिंचित, खेती भइरहेको, बाँझो जमिनको लगत तयार गरी कृषि योग्य जग्गाको सदुपयोग भए नभएको तथ्याङ्क अद्यावधिक गरिनेछ ।<br>३. सार्वजनिक जग्गा अतिक्रमणका विरुद्ध शुन्य सहनशिलताको अवलम्बन गरिनेछ । |
| २. जमिन बाँझो राख्ने प्रवृति निरुत्साहित गर्ने । | १. जग्गा बाँझो राख्न नपाउने नीति अबलम्बन गरी बाँझो जमिन राख्ने जग्गा धनीलाई भूमिकामा निश्चित प्रतिशतले बढी लिने नियम लागू गरिनेछ । |

### उद्देश्य नं. २ - आवश्यक कृषि पुर्वाधारको निर्माण सहित नमूना कृषि क्षेत्रको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने । | १. उर्वर र खेतीयोग्य क्षेत्रलाई वर्गीकरण गरी क्रमश सघन खेती क्षेत्र घोषणा गरिनेछ ।<br>२. सघन खेती क्षेत्रहरूलाई निश्चित मापदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय भू-उपयोग नीति अनुरुप खेतीपाती बाहेक अन्य कृयाकलापमा प्रयोग गर्न निरुत्साहन गर्ने नीति कार्यान्वयन गरिनेछ। |
| २. कृषिको विकासका लागि आवश्यक भौतिक पूर्वाधारको विकास गर्दै नमूना कृषि क्षेत्र बनाउने । | १. गाउँपालिकाभित्रका प्रमुख कृषि सडकहरूको पहिचान गरिनेछ ।<br>२. प्राथमिकताका आधारमा सघन क्षेत्रका कृषि सडकहरूको स्तरोन्नति गरिनेछ।<br>३. कृषि सडक, ग्रामीण सडक, सिंचाइ, भू-संरक्षणसम्बन्धी कार्यमा संलग्न संघीय र प्रादेशिक तहका कार्यालयसँग समन्वय र सहकार्य गरी गुणस्तरीय कृषि पूर्वाधार निर्माण गरिनेछ ।<br>४. मौसमी तथा बेमौसमी खेतीको लागि आवश्यक उन्नत जातका र मागमा आधारित बीउ, बिजन र बेर्ना उत्पादन र वितरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. कृषि प्राविधिक कार्यालय, खाद्य क्षेत्रमा कार्यरत संघसंस्थाको परिचालन गरी खाद्यान्न बालीको सही कटान र भण्डारणबारे जनचेतना विस्तार गरिनेछ ।<br>६. रैथाने बालीको संरक्षण गर्न गाउँपालिकाले कृषिउपजको खरिद, भण्डारण र आवश्यक स्थानमा वितरणको व्यवस्था गर्नेछ ।<br>७. प्रत्येक वडामा सघन खेती क्षेत्रलाई उपयुक्त हुने स्थानमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ।<br>८. गाउँपालिकाभित्र आवश्यकताका आधारमा दूध, तरकारी र फलफुल चिस्यान केन्द्रको स्थापना गरिनेछ ।<br>९. गाउँपालिकामा उच्च उत्पादन संम्भावना रहेका बाली जस्तै धान, मकै तथा गहुँको बीज बैङ्क स्थापना गरिनेछ<br>१०. गाउँपालिकास्तरीय सामुदायिक कृषि सेवा श्रोत तथा सूचना केन्द्र स्थापना गरिनेछ । |
| ३. अत्यावश्यकीय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने। | १. आवश्यक रसायनिक मलको आयत आँकलन गरी समयमै आपूर्ति गर्न गाउँपालिकास्तरीय संयन्त्र निर्माण गरिनेछ।<br>२. प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादनसम्बन्धी तालिमको आयोजना गरिनेछ।<br>३. व्यवसायिक प्राङ्गारिक मल उत्पादन गर्ने कृषकलाई विशेष अनुदानको प्रबन्ध गरिनेछ ।<br>४. वडास्तरमा उत्पादन हुने बाली विशेषका आधारमा उन्नत बीउ वितरण गर्न बीज बैङ्क तथा कृषि सामाग्री केन्द्रको विकास गरिनेछ।<br>५. कृषि यान्त्रिकीकरणअन्तर्गत किसानले खरिद गर्ने औजार (जस्तैः च्यापकटर, ब्रसकटर, मिल्कएनलाइजर, स्प्रे आदि) मा मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ ।<br>६. साना किसान तथा समग्र कृषि क्षेत्रलाई यान्त्रिकीकरण गर्न गाउँपालिकास्तरीय एक Custom Hiring Center को निर्माण गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ।<br>७. बजारको पहुँच नभएको क्षेत्रहरुको कृषि उपजलाई बजारसम्म पुऱ्याउन ढुवानीको व्यवस्था गरिनेछ ।<br>८. कृषि विज्ञ सहितको कृषि एम्बुलेन्स संचालन गरिनेछ ।<br>९. एक वडा एक हाटबजार स्थापनाका लागि पूर्वाधारमा आवश्यक लगानी गरिनेछ । |
| ४. खाद्यान्न तथा मल भण्डारण तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने। | १. मलको प्रयोग, अनुपात र समय आदिका विषयमा प्रत्येक कृषकलाई सूसुचित गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ।<br>२. मल, विउ विजन तथा विषादिको प्रयोगसम्बन्धी जानकारी प्रदान गर्न गाउँपालिका स्तरीय Call center को स्थापना गरिनेछ।<br>३. वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।<br>४. जैविक विषादीको उत्पादन र प्रयोगसम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिनेछ।<br>५. बेमौसमी तरकारी खेती विशेष तालिम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. कृषकहरुलाई प्राविधिक ज्ञान सम्प्रेषण गर्न कृषि घुम्ती सेवा सञ्चालन गरिनेछ ।<br>७. बाली भित्र्याइसकेपछि हुने क्षती न्यूनीकरण गर्न कृषि उपज भण्डारण सम्बन्धी विशेष तालिम तथा परम्परागत सीप हस्तान्तरण गरिनेछ ।<br>८. खाद्य भण्डारण डिपोहरुको स्थापना गरिनेछ ।<br>९. विषादी प्रयोग न्यूनिकरणका लागि विषादि परीक्षण प्रयोगशाला निर्माण गरिनेछ ।<br>१०. अर्ग्यानिक खेती गर्ने किसानलाई विशेष प्रोत्साहन गरिनेछ ।<br>११. अर्ग्यानिक मल उत्पादनलाई व्यवस्थित ढंगले सञ्चालन गरिनेछ । |

## उद्देश्य ३- कृषिको व्यवसायिक उत्पादन र बजारीकरण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिको व्यवसायिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने। | १. स्थानीय हावापानी र माटोको गुणस्तर अनुसारको बालीनाली, फलफूल तथा बोट विरुवा उत्पादन र वितरणका लागि जिल्ला वन कार्यालय, निजी तथा सरकारी बागवानी, फलफूल तथा तरकारी जोनसँग समन्वय र सहकार्य गरिनेछ।<br>२. गाउँपालिकाभित्र स्थानीय उत्पादनलाई कच्चा पदार्थको रूपमा उपयोग गर्ने घरेलु, साना तथा मझौला खाद्य उद्योगको स्थापना र सञ्चालन गर्न मौद्रिक र गैरमौद्रिक प्रोत्साहन प्याकेज निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>३. गाउँपालिका स्तरीय कृषक सञ्जाल निर्माण गरिनेछ ।<br>४. कृषि उपज विशेष कृषक समूह गठन गरी कृषि सहकारीसँग आबद्ध गरिनेछ ।<br>५. लिखुपिके गाउँपालिकाबाट अर्गानिक शहरको अभियानको थालनी गरिनेछ । |
| २. समूह खेती, करार खेती तथा सहकारी खेती जस्ता संगठित कृषि प्रणालीलाई प्रोत्साहन गर्ने । | १. बजारको संभाव्यता र मागमा आधारित कृषि उत्पादनमा आत्मानिर्भरता, आर्थिक स्तरोन्नति, आयात न्युनीकरण र निर्यात प्रर्वद्धनका लागि सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ।<br>२. स्थानीय बिउको संरक्षण गर्न सुरक्षित विज भण्डारण सम्बन्धी तालिम सञ्चालन गरिनेछ।<br>३. बालीनालीको सम्भावित हानी नोक्सानीको क्षतिपूर्तिको लागि बाली बीमा कार्यान्वयनमा लाइनेछ।<br>४. कृषि पकेट क्षेत्रमा विद्युत, सिँचाइ जस्ता कृषि पूर्वाधार र सहुलियत दरमा मेशिन औजार वितरण गरिनेछ ।<br>५. प्रत्येक वडामा उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरी सघन खेतीका लागि मिश्रित बाली पहिचान गरिनेछ।<br>६. जग्गाको वर्गीकरण गरि कृषि योग्य जग्गाको चक्लाबन्दी तथा कन्ट्र्याक्ट फार्मीङ्गका लागि समन्वय गरिनेछ । |
| ३. कृषि क्षेत्रमा भइरहेको लगानीको अनुगमन, मूल्याङ्कन र सोको | १. कृषि प्राविधिक र विज्ञवाट कृषि क्षेत्रमा गरिएको लगानीको नियमित अध्ययन र अनुगमनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| आधारमा लगानीको पुनः प्राथमिकिकरण गर्ने । | २. सामुहीक खेती गर्ने, नमुना र अगुवा कृषक, ठुला आपूर्तिकर्ता, कृषि प्राविधिक आदिको उपस्थितिमा नियमित अन्तरक्रिया गरिनेछ ।<br>३. नमूना कृषकलाई प्रोत्साहन, अनुभव आदान प्रदान तथा कृषि उद्योगको अवलोकन भ्रमण गराइनेछ । |

## उद्देश्य नं ४- वातावरणमैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने । | १. दिगो कृषिको सैद्धान्तिक र व्यवहारिक पक्षका विषयमा विज्ञ, अगुवा कृषक र अन्य कृषकको सहभागितामा वर्षमा १ पटक अन्तरक्रिया सञ्चालन गरिनेछ।<br>२. रैथाने प्रजातिका बाली संरक्षणमा विशेष अनुदान प्रदान गरिनेछ ।<br>३. जलवायू अनुकूलनमा सघाउ पुग्ने बालीनाली प्रवर्द्धन गरिनेछ । |
| २. गाउँपालिकामा उत्पादित कृषि उत्पादनको तथ्याङ्क र बजार व्यवस्थापन गर्ने । | १. वडास्तरमा जलवायू र माटो अनुकूल उत्पादन हुने प्रमुख वालीका आधारमा जोन र सुपरजोनको पहिचान र घोषणा गरिनेछ।<br>२. जोन र सुपरजोनमा उत्पादित प्रमुख उत्पादनको वार्षिक तथ्याङ्क प्राप्त गर्न स्वचालित तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ।<br>३. कृषि उपजको बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्न अनुदानको व्यवस्था गरिनेछ ।<br>४. कृषि उपजहरुलाई सन्तुलित मूल्य श्रृंखलामा समेटिनेछ । |
| ३. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा “एक वडा एक कृषि उत्पादन” मा आधारित उद्योगको निर्माण गर्ने । | १. बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थका आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछ।<br>२. पहिलो चरणमा **एक वडा एक कृषि उत्पादन**मा आधारित उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिनेछ।<br>३. उद्यमी कृषकहरूलाई अध्ययन तथा अभिमुखीकरण तालिमका लागि गाउँपालिकाद्वारा सहयोग प्रदान गरिनेछ। |
| ४. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने । | १. कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ, लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ ।<br>२. संघीय तथा प्रादेशिक सरकारको सहयोगमा गाउँपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिनेछ ।<br>३. उत्पादनमा स्थानीय पहिचान राख्न सक्ने बाली तथा उत्पादनको पहिचान गरिनेछ ।<br>४. गुणस्तर, ब्रान्ड र स्थानीय पहिचान कायम गर्न सक्ने बाली उत्पादनमा जैविक प्रविधिको अवलम्बनलाई प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने | १. मौरीपालक कृषकको विवरण संकलन गरिनेछ।<br>२. मौरीपालक कृषकलाई प्राविधिक तालिम प्रदान गरिनेछ।<br>३. व्यावसायिक मौरीपालक कृषकलाई मौरीघारको विस्तार र उपकरण खरिदमा अनुदान प्रदान गरिनेछ।<br>४. उत्पादित महलाई प्रशोधन र लेवलिङ् तथा प्याकेजिङ्ग गरिनेछ।<br>५. मह उपभोक्ता बजार तथा मागको अध्ययन गरिनेछ। |

## उद्देश्य नं ५- गुणस्तरीय खाद्यान्न र आधारभूत पोषणको प्रत्याभूती गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रत्येक नागरिकलाई आधारभूत पोषणको सुनिश्चित गर्न अति विपन्न नागरिकहरुको तथ्याङ्क संकलन गरी पोषण योजना लागु गर्ने । | १. स्थानीय बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा कार्यक्रम निर्माण गरी लागु गरिनेछ ।<br>२. महिला, बृद्ध, बालबालिकाहरुलाई उच्च प्राथमिकतामा राखी अल्पकालिन, मध्यकालिन र दिर्घकालिन सुक्ष्म पोषण सुधार कार्यक्रम लागू गरिनेछ ।<br>३. सुक्ष्म पोषणको महत्वका बारेमा जनस्तरमा व्यापक सूचना सम्प्रेषण गर्न सूचना तथा संचार कार्यक्रम लागू गरिनेछ ।<br>४. घर आँगनमा पाईने खाद्य पदार्थहरुमा प्राप्त हुने पोषणका बारेमा विद्यालयस्तर तथा समुदायस्तरमा व्यापक जानकारी प्रदान गर्ने कार्यक्रम नियमित सञ्चालन तथा प्रसारण गरिनेछ ।<br>५. विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अनिवार्य संचालन गरिनेछ ।<br>६. समुदायस्तरमा खाद्यान्न भण्डार तथा पोषण सुरक्षा सम्बन्धी व्यापक जनचेतनामूलक कार्यक्रम तथा प्रविधिबारे ज्ञान सम्प्रेषण गरिनेछ ।<br>७. विषादि प्रयोग भएका खाद्यान्नहरुको असर न्यूनिकरण गर्न साथै पोषण नष्ट नगरी सुरक्षित तवरले खाने बानी र व्यवहारको विकास गर्न ज्ञान सम्प्रेषण गरिनेछ ।<br>८. बाली भित्र्याइसके पछि हुने क्षती न्यूनीकरण गर्न समुदायस्तरमा ज्ञान र प्रविधि बारे किसानलाई तालिम प्रदान गरिनेछ ।<br>९. पोषिलो तरकारी घर आगनमा नै उत्पादन गरी पोषण सुरक्षा प्रत्याभूति गर्न करेसाबारी व्यवस्थापन तथा कौसी खेती सम्बन्धी तालिम अभियानको रुपमा संचालन गरिनेछ ।<br>१०. हरेक विद्यालयबाट पत्रे खाना (Junk food) उन्मुलन गर्न विशेष अभियान संचालन गरिनेछ ।<br>११. नियमित रुपमा गुणस्तरीय खाद्यपदार्थ विक्री वितरण गरे नगरेको अनुगमन तथा नियन्त्रणका कार्यक्रम संचालन गरिनेछ ।<br>१२. गाउँपालिकाभर हरेक वर्ष आवश्यक पर्ने खाद्यान्नको व्यवस्थापन गर्न तथ्याङ्क प्रणालीको विकास गरिनेछ ।<br>१३. गाउँपालिकाभर कुपोषित बालबालिका तथा खाद्यान्नबाट बञ्चित हुन सक्ने नागरिकहरुलाई लक्षित गरी नियमित पोषण सुधार कार्यक्रम संचालन गर्न अनुदानको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १४. सन्तुलित आहार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>१५. प्रतिजैविक (Anti-biotics) औषधिको उचित प्रयोगबारे व्यापक जनचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।<br>१६. खाद्य पदार्थमा हुनसक्ने मिसावटलाई नियन्त्रण गर्न स्थानीय बजार अनुगमन तीब्र बनाइनेछ। |

## उद्देश्य नं ६- पशुपन्छीपालनलाई व्यावसायिक बनाउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपन्छी पालनमा व्यावसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने । | १. इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्यपालनसम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिनेछ ।<br>२. उद्यमी सोच र योजनाबारे सूचना संकलन गरी इच्छुक नवउद्यमीका लागि वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. अतिविपन्न घरपरिवारको आयआर्जनको लागि पशुपंक्षीपालन कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।<br>४. वहुवर्षीय तथा हरियो घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्राथमिकता दिइनेछ । |
| २. युवा उद्यमीहरूलाई पशुपंक्षी पालनमा आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने । | १. निश्चित मापदण्डका आधारमा एकल तथा सामूहिक रुपमा व्यावसायिक पशुपन्छी पालनमा गर्ने कृषक, कृषक समूह तथा वैदेशिक रोजगारीवाट फर्किएका युवाहरूलाईं व्याजमा अनुदान दिइनेछ ।<br>२. उच्च मूल्य पर्ने पशुपन्छिजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ।<br>३. स्थानीय सहकारी तथा समूहमा पशुपालन व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिनेछ।<br>४. स्थानीय जातका कुखुरा, कालिज, बट्टाइ, बङ्गुर लगायत पशुपंक्षी पाल्न चाहने वेरोजगार युवाहरूलाई निश्चित मापदण्डका आधारमा सुविधाको प्रबन्ध गरिनेछ ।<br>५. गाउँपालिकाभित्रका दुध उत्पादक किसानलाई दुधजन्य पदार्थको उत्पादन र बिक्री वितरणमा अनुदानको व्यवस्था गरिनेछ । |
| ३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने। | १. पशुपालनलाई आवश्यक घाँसको उत्पादन, वीउ तथा बेर्ना वितरण गरिनेछ।<br>२. घाँसेबाली उत्पादन क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यावसायिक उत्पादनसम्बन्धी तालिम सञ्चालन गरिनेछ।<br>४. प्रत्येक वडामा घुम्ती पशुसेवा विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. पशु बिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तरक्रिया गरिनेछ।<br>६. पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन व्यवस्था गरिनेछ।<br>७. सघन पशुपन्छी पालन क्षेत्र लक्षित भेटेरीनरीको स्थापना गरिनेछ ।<br>८. उन्नत र उच्च प्रतिफल दिने पशुनश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ ।<br>९. उन्नत पशुनश्ल श्रोत केन्द्र स्थापना गरिनेछ ।<br>१०. स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिनेछ।<br>११. पशुशिक्षा प्रर्वद्धन गर्न गाउँपालिकास्तरीय कृषक पाठशाला सञ्चालन गरिनेछ।<br>१२. व्यावसायिक पशुपालक कृषकलाई लागत सहभागिता Cow Mat वितरण गरिनेछ।<br>१३. पशुपालन पकेट क्षेत्रस्तरीय घाँस, बीज बैङ्क तथा डालेघाँस नर्सरी स्थापनाका लागी संम्भाव्यता अध्ययन गरिनेछ ।<br>१४. चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग संचालनका लागी निजी क्षेत्र संग अन्तरकृया गरी विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१५. व्यावसायिक पशुपालक कृषकलाई अनुदानमा मिल्किङ मेसिन वितरण गरिनेछ । |

## उद्देश्य ७- पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने । | १. गाउँपालिकाभर पालिने पशुपन्छीको विवरण अद्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ ।<br>२. गाउँपालिकामा हरेक वर्ष पशुपन्छीजन्य उत्पादनको माग र आपूर्तिको वस्तुपरक सूचना प्राप्त गरी उत्पादनलाई निर्यातमुखी बनाइनेछ ।<br>३. हरेक वर्ष गाउँपालिकाबाट निर्यात हुने पशुजन्य उत्पादनको वस्तुपरक सूचना अद्यावधिक गरिनेछ । |
| २. पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने । | १. गाउँपालिकामा पशुपन्छि संकलन केन्द्रको स्थापना गरिनेछ ।<br>२. पशुपन्छीजन्य उत्पादन निर्यात हुनसक्ने सम्भाव्य निकटवर्ती बजार तथा हाटबजारको मागको अध्ययन गनिरेछ ।<br>३. पशुजन्य उत्पादनको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईनेछ ।<br>४. उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिनेछ ।<br>५. पशुपंक्षीमा लाग्न सक्ने महामारी रोगको आँकलन र रोकथामको आवश्यक तयारी गरिनेछ । |

## उद्देश्य ८- माछाको व्यावसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. माछापालनमा इच्छुक कृषक पहिचान गर्ने | १. प्रत्येक वडामा सम्भाव्यताका आधारमा माछापालन गर्न चाहने र गरिरहेका कृषक पहिचान गरिनेछ।<br>२. माछापालन गर्न चाहने कृषकलाई प्राविधिक ज्ञान र सिपका लागि तालिमको व्यवस्था गरिनेछ। |
| २. माछाका भूरामा अनुदान दिने | १. निश्चित मापदण्डका आधारमा माछापालक कृषकलाई पहिलो पटक भूरामा अनुदान दिइने छ ।<br>२. स्थानीय जलवायू अनुकूल उत्पादन हुनसक्ने माछाका बारेमा कृषकलाई जानकारी प्रदान गरिनेछ।<br>३. माछाको लागि दाना उत्पादन गर्ने प्रविधि सहित मेशिनहरु उपलब्ध गर्ने<br>४. माछा उत्पादनसम्बन्धी सल्लाह दिन प्राविधिक सहयोग प्रदान गरिनेछ। |
| ३. माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने । | १. स्थानीयस्तरमा उत्पादित माछाको खपत हुनसक्ने प्रमुख बजारहरूको अध्ययन गरिनेछ।<br>२. माछाको निर्यातका लागि संकलन भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना गरिनेछ। |
| ४. पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने । | १. स्थानीय जल पर्यावरणीय प्रणालीको विकास गर्न वडा स्तरमा नमूना माछापोखरी निर्माण गर्ने कृषकहरलाई लागत सहभागिता तथा ब्याजमा अनुदान दिईने छ ।<br>२. त्यस्ता पोखरी निर्माण गर्ने कृषकलाई प्राविधिक सहयोग प्रदान गरिनेछ।<br>३. गाउँपालिकामा पानीको उपलब्धता हुने सार्वजनिक जग्गाहरूमा पोखरीहरू निर्माण गरी ठेक्कामा लगाइने छ । साथै प्रयोगमा आएका पोखरीहरूको स्तरोन्नती गरिनेछ । |

## दिगो विकास लक्ष्य न. २ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| १. | हाल कृषिमा प्रयोग भैरहेको जमिन | प्रतिशत | ३० | ३५ |
| २. | वर्षैभरि सिंचाई सुविधा पुगेको जमिन | हेक्टर | ७२ | ९० |
| ३. | सामुदायिक बीज बैंकको संख्या | संख्या | - | १ |
| ४. | गाउँपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम | रू लाखमा | - | १० |
| ५. | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) | प्रतिशत | १ | १० |

नोटः ** – गाउँ कार्यपालिकाको कार्यालय

## लक्ष्य- ३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

### उद्देश्य नं १- गाउँपालिकाभित्र आधारभूत स्वास्थ्य सेवा पूर्वाधारको निर्माण गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाका प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य संस्था वा अस्पतालको व्यवस्था गर्ने । | १. प्रत्येक वडामा आवश्यकताका आधारमा स्वास्थ केन्द्र वा स्वास्थ्य संस्था स्थापना र स्तरोन्नति गरिनेछ।<br>२. जनसंख्या र स्वास्थ्य सेवाको मागको आधारमा स्वास्थ्यकर्मीको दरबन्दी र पदपूर्तीका लागि संघ, प्रदेश र गाउँपालिकाबीच सहकार्य गरिनेछ ।<br>३. आधारभूत स्वास्थ सेवा प्रवाहका लागि आवश्यक स्वास्थ्य उपकरण र औषधीको व्यवस्थापनको लागि उचित लगानीको व्यवस्था गरिनेछ ।<br>४. प्रत्येक स्वास्थ्य संस्थामा सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा प्राप्त हुनेगरी “स्वास्थ्य सेवा प्रवर्द्धन” कार्यक्रम संचालन गरिनेछ ।<br>५. नीजि क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।<br>६. गाउँपालिकाको प्राथमिक अस्पताललाई सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्न पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ । |

### उद्देश्य २- गाउँपालिकाभित्र आधारभूत स्वास्थ्य सेवा र सुविधा उपलब्ध गराउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन, बाँझोपन व्यवस्थापन र पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा विकास गर्ने। | १. स्वास्थ्य प्रोटोकलले तोकेबमोजिम पूर्वप्रसुति, प्रसुति र प्रसुति पश्चातका कार्यक्रमलाई सुधार सहित निरन्तरता दिइनेछ।<br>२. आमा सुरक्षा कार्यक्रम, न्यानो झोला, अस्पतालमा प्रसुति गराउनेलाई प्रोत्साहन भत्ता लगायतका कार्यक्रममा आवश्यक बजेट विनियोजन गरिनेछ।<br>३. वर्षमा कम्तिमा २ पटक सबै वडामा स्वास्थ्य शिविर आयोजना गरी स्तन क्यान्सर, पाठेघर क्यान्सर, आङ खस्ने समस्याको परीक्षण गरिनेछ।<br>४. परिवार नियोजनका अस्थायी/स्थायी बन्ध्याकरणका उपायहरु, रिक्यानालाइजेसन लगायतका सेवालाई सबै नागरिकको पहुँचमा पुर्‍याइनेछ।<br>५. आधिकारिक र तोकिएको स्थानबाट मात्र गर्भपतन सम्बन्धी सेवा लिन, परिवार नियोजनका साधन प्रयोग गर्न, गर्भपतन पश्चात हुनसक्ने जटिलताको व्यवस्थापन गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन र प्रचार प्रसार गरिनेछ।<br>६. बाँझोपन निवारण, In Vitro Fertilization (IVF) सम्बन्धी काउन्सिलिङ सेवा प्रदान गर्ने स्वास्थ्य जनशक्तिको क्षमता विकास गरिनेछ।<br>७. गर्भावस्थाका महिला, सबै उमेर समुहका बालबालिकालाई गुणस्तरिय खोप सेवा प्रदान गर्न कोल्डचेन, भ्याक्सिन भण्डारणलाई व्यवस्थित तुल्याइनेछ।<br>८. पूर्ण खोपयुक्त गाउँपालिका बनाउन सबै सरोकारवाला र संघीय तथा प्रादेशिक सरकारसँग समन्वय गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २. गाउँपालिकाभित्र नवजात शिशु स्याहार, बालचिकित्सा, बालरोग र किशोर किशोरीको शारीरिक, मानसिक परिवर्तन र सो को सहज व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्ने। | १. गाउँपालिकाभित्र कम्तिमा एउटा अस्पतालमा नवजात शिशु सघन उपचार सेवा सहितको स्वास्थ्य सेवा प्रदान गरिनेछ।<br>२. नवजात शिशु मृत्युदर न्युनिकरण गर्न नवजात शिशु स्याहार र उपचार कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, मानवस्रोत र वित्तीय व्यवस्थापन गरिनेछ।<br>३. जन्मजात विकलांगता रोकथामका लागि गर्भावस्थामा पोषणको अवस्था, शारीरिक र मानसिक स्वस्थता आदिको बारेमा सचेतनामुलक कार्यक्रम गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत निजी, गैरसरकारी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>४. विभिन्न उमेर समुहका बालबालिकामा देखिने रोगको बारेमा विद्यालय, घरपरिवार, समुदायस्तरमा सचेतना फैलाउन सबै सरोकारवाला निकायसँग समन्वय गरिनेछ।<br>५. आर्थिक अभाव र विपन्नताका कारण गुणस्तरिय स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने समस्या सम्बोधन गर्न लागत साझेदारीमा आधारित बालउपचार कोष स्थापनाको संभाव्यता अध्ययन गरिनेछ।<br>६. सबै बालबालिकालाई तोकिए बमोजिम स्वास्थ्य सेवा प्रदान गरिए/नगरिएको अनुगमन गरिनेछ।<br>७. नवजात शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको एकीकृत रोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।<br>८. महिनावारीका कारण विद्यालयमा हुने अनुपस्थिति दर घटाउन स्यानिटरी प्याड वितरण, स्वच्छ महिनावारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।<br>९. किशोरावस्थामा आउने मानसिक र शारीरिक परिवर्तन, सुरक्षित यौनशिक्षाजस्ता विषयमा श्रव्य-दृश्य सामाग्री, सडक नाटकका माध्यमबाट किशोर किशोरी र परिवारलाई सचेत बनाउन विद्यालय व्यवस्थापनसँग साझेदारी गरिनेछ। |

**उद्देश्य ३- यौनजन्य रोग, सर्ने र नसर्ने रोग, महामारीजन्य र प्राणघातक रोगका बारेमा चेतना र स्वास्थ्य सुविधाको प्रबन्ध गर्नु।**

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. यौनजन्य रोगको कारण, उपचार र जनचेतना विस्तार गर्ने। | १. एचआइभी एड्स र अन्य STD को संक्रमणका कारण, लक्षण, उपचार पद्धतिको बारेमा समुदायस्तरमा सचेतनामुलक कार्यक्रम आयोजना गरिनेछ।<br>२. आप्रवासनबाट फर्केका नागरिक, लागुपदार्थका दुर्व्यसनी (सुइद्वारा), कैदीबन्दीलाई गोपनियता कायम रहने गरी वर्षको कम्तीमा १ पटक यौनरोग परीक्षणको लागि कार्यक्रम र बजेट व्यवस्थापन गरिनेछ।<br>३. यौनरोगग्रस्त बालबालिका र वयस्क समेतलाई सामाजिक पुर्नएकिकरण र पुर्नस्थापना गर्न समुदाय हातेमालो कार्यक्रम गरिनेछ।<br>४. संक्रमणको उपचार र पोषणयुक्त खानाको लागि न्युनतम आर्थिक सहायता प्रदान गरिनेछ। |
| २. डेंगु कालाजार, औलो लगायतका सरुवा रोगको समयमा पहिचान | १. डेंगु, कालाजार र औलो रोग हुन सक्ने संभावित स्थानको पहिचान गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | र उचित रोकथामको लागि पूर्वतयारीका कार्य गर्ने । | २. | व्यक्तिगत र वातावरणीय सरसफाइ सम्वन्धमा वडा कार्यालयले प्रचार प्रसारका कार्यक्रम संञ्चालन गर्नेछ । |
| | | ३. | शंकास्पद विरामीलाई समयमा उपचारका लागि अस्पताल, स्वास्थ्य केन्द्रमा जनशक्ति र औषधीको व्यवस्था गरिनेछ । |
| | | ४. | थप नागरिकलाई संक्रमित हुन नदिन रोगको स्रोत नष्ट गर्ने अभियान सहित किटनाशक औषधीको प्रयोग गरिनेछ । |
| ३. | कुष्ठरोग, हात्तीपाइले, क्षयरोग रोगको पहिचान, उपचार र रोकथाम गर्ने । | १. | कुष्ठरोग, हात्तीपाइले, क्षयरोग रोगको कारण, लक्षण र उपचार पद्धतिबारे सञ्चारका माध्यमबाट प्रचार प्रसार गरिनेछ। |
| | | २. | गाउँपालिकाले तोकिएको स्थानमा स्वास्थ्यकर्मी सहितको टोलीले ३/३ महिना वा आवश्यकता अनुसार घुम्ती शिविर सञ्चालन गरी कुष्ठरोग, हात्तीपाइले र क्षयरोगका विरामी वा संक्रमित पत्ता लगाइ उपचारको लागि सिफारिस गर्नेछ । |
| | | ३. | रोग, रोगी र उपचार सम्वन्धी तथ्याङ्क व्यवस्था गरिनेछ । |
| ४. | थाइराइड, मुटु, मृगौला, फोक्सो जस्ता रोगको पहिचान र उपचार गर्ने । | १. | गाउँपालिकाभित्र थाइराइड, मुटु, मृगौला, फोक्सो रोग पहिचानको लागि शिविर सञ्चालन गरिनेछ । |
| | | २. | विपन्न सहायता कार्यक्रम अन्तरगत गंभिर रोगको उपचारार्थ मापदण्ड बमोजिम सहायता प्रदान गरिनेछ । |
| | | ३. | समय समयमा स्वास्थ परीक्षण गर्ने, उचित खानपान र जिवनशैली अपनाउने विषयमा व्यक्तिगत स्वास्थ सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| ५. | समय-समयमा आइपर्ने महामारीजन्य रोग र विपद व्यवस्थापन गर्न प्रभावकारी पूर्व तयारी प्रतिकार्य योजना निर्माण गरी लागु गर्ने । | १. | समय समयमा देखापर्ने संक्रामक तथा महामारी जन्य रोगहरुको अध्ययन गरी त्यस्ता रोगको प्रकृतिका आधारमा पूर्व तयारी योजना निर्माण गरिनेछ । |
| | | २. | पूर्व तयारी योजना तयार पार्दा आवश्यक भौतिक पूर्वाधारहरुको सूची तयार पारी तत्काल व्यवस्थापन गर्नुपर्ने र पहिले देखिनै व्यवस्थापन गर्नुपर्ने पूर्वाधारहरु छुट्याइनेछ । |
| | | ३. | विपद तथा महामारी सुरु हुनु अगावै गर्नुपर्ने पूर्वाधार तयारी जस्तै खुल्ला स्थान, आइसोलेसन केन्द्र, शव व्यवस्थापन स्थल, जनशक्ति आदिको क्रमश तयारी गर्दै लगिनेछ । |
| | | ४. | तत्काल व्यवस्थापन गर्नुपर्ने सेवा जस्तै औषधी अन्य स्वास्थ्य सामाग्री, खाद्यान्न, पानी, अक्सिजन आदिका लागि विपद व्यवस्थापन कोषको परिचालन गरिनेछ । |
| | | ५. | विपद व्यवस्थापन समितिलाई सक्षम तुल्याउन नियमित तालिम तथा बैठकहरुको व्यवस्था गरिनेछ । |
| | | ६. | विपदको समयमा मानवीय सहयोग सुनिश्चित गर्न यूवा स्वयंसेवक दस्ता निर्माण गरी तालिम प्रदान गरिनेछ । |
| | | ७. | विशेषगरी मौसमी विपदहरुको पूर्व तयारीका लागि वार्षिक पात्रोमा व्यवस्था गरी अत्यावश्यकीय सामाग्रीको व्यवस्थापन गरिनेछ । |
| | | ८. | सामान्यता अध्यधिक चिसो वा वर्षातको समयमा आइपर्ने बाढी, पहिरो तथा डुबान जस्ता प्रकोप र त्यस पश्चात आइपर्ने संक्रामक रोग नियन्त्रण तथा विपदका घाइतेहरुको उपचारका लागि समयमै तयारी तथा नियमित बैठकको आयोजना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ९. महामारी नियन्त्रणमा गाउँपालिकाको भूमिका सुदृढ गर्न प्रदेश र संघीय सरकार सँग समन्वय गर्ने संयन्त्रणको निर्माण गरिनेछ ।<br>१०. महामारीको प्रकृति अनुसार तयार रहन स्वास्थ्यकर्मीहरुलाई नियमित पूर्व तयारी तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।<br>११. महामारी नियन्त्रणमा स्वंय नागरिक र समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुनेहुँदा समुदायस्तरमा व्यापक प्रचार प्रसार र सहकार्य गरिनेछ ।<br>१२. महामारीको समयमा अपनाउनपर्ने सावधानीका बारेमा संचार माध्यमहरु मार्फत व्यापक प्रचार प्रसार गरिनेछ ।<br>१३. जलवायु परिवर्तन र महामारीको अन्तरसम्बन्ध र सावधानीका सम्बन्धमा नियमित जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।<br>१४. आनुवांशिक रोग नियन्त्रण गर्न सर्तकता अभिवृद्धि गर्ने कार्यक्रम लागु गरिनेछ । |
| ६. नसर्ने रोग न्यूनिकरण तथा निदान गर्न स्वास्थ्य जीवनशैली विकास सम्बन्धी जनस्तरमा कार्यक्रम संचालन गर्ने । | १. गाउँपालिकामा व्याप्त नसर्ने रोगहरुको फौलावटको आधारमा सूची तयार पारिनेछ।<br>२. व्यापकरुपमा रहेका प्रमुख नसर्ने रोगहरु पहिचान गरी त्यस्ता रोग निदान तथा नियन्त्रणका लागि क्लीनिक स्थापना गरिनेछ। उदाहरणका लागी मधुमेह, मृगौला तथा उच्च रक्तचाप सम्बन्धी क्लिनिकहरु।<br>३. नसर्ने रोग लाग्ने कारणहरुबारे जनस्तरमा व्यापक रुपमा जनचेतना फैलाउने कृयाकलापहरु अभियानका रुपमा संचालन गरिनेछ।<br>४. विद्यालय तथा समुदायस्तरमा स्वास्थ्य सुरक्षाका निरोधात्मक उपायहरु र स्वास्थ्य जीवनशैली र व्यवहारहरुका बारेमा व्यापक रुपमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।<br>५. प्रत्येक टोलमा ध्यान तथा योग र केन्द्रहरुको स्थापना गरिनेछ ।<br>६. गाउँपालिकास्तरमा एक प्राकृतिक चिकित्सालय स्थापनाको संभाव्यता अध्ययन गरिनेछ ।<br>७. गाउँपालिकास्तरमा एक आयुर्वेदिक अस्पताल स्थापनाको संभाव्यता अध्ययन गरिनेछ ।<br>८. बजार वा शहरी केन्द्रहरुमा व्यामशालाहरु स्थापना गर्न नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।<br>९. सार्वजनिक स्थल, विद्यालय, कार्यालय र स्वास्थ्य संस्थाको निश्चित क्षेत्रभित्र धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र घोषणा गरी विक्री वितरणलाई पूर्णत बन्देज गरिनेछ ।<br>१०. व्यवसायजन्य रोग तथा कार्यस्थलमा स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न मापदण्ड निर्माण गरी कडाइका साथ पालना गर्ने व्यवस्था लागु गरिनेछ ।<br>११. लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्न सुरक्षा निकायको सहयोगमा संयन्त्र निर्माण गरी परिचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ७. मानसिक रोग नियन्त्रण तथा मनोपरामर्श सेवाको व्यवस्था गर्ने । | १. गाउँपालिकामा व्याप्त मानसिक रोगहरुको प्रकृतिका बारेमा अध्ययन गरी प्रतिवेदन प्रकाशन गरिनेछ ।<br>२. विभिन्न प्रकारका मानसिक रोगका कारण र निदानका उपायबारे जनस्तरमा व्यापक जनचेतनामूलक कृयाकलापहरु नियमित रुपमा संचालन गरिनेछ ।<br>३. प्रत्येक स्वास्थ्य संस्थामा एक मनोपरामर्श इकाई स्थापना गरी परामर्श सेवा प्रदान गरिनेछ ।<br>४. किशोर अवस्थामा आउने मानसिक परिवर्तनलाई सहि दिशानिर्देशन गर्न प्रत्येक माध्यमिक विद्यालयमा मनोसामाजिक परामर्श प्रदान गर्न परामर्शदाताको व्यवस्था गरिनेछ ।<br>५. मानसिक स्वास्थ्यका लागि ध्यान, योग, व्यायाम र मनोरञ्जनको महत्वका विषयमा जनस्तरमा व्यापक रुपमा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।<br>६. गाउँपालिकाभित्र आत्महत्याको प्रवृत्तिको अध्ययन गरिनेछ ।<br>७. आत्महत्या निरूत्साहनको लागि स्वस्थ जीवनशैली, सकरात्मक चिन्तनको अवलम्बन सामाजिक विचलन र विकृति विरुद्ध सबै सरोकारवालाको सहभागितामा जनचेतना विस्तार गरिनेछ । |

## उद्देश्य ४ - सडक दुर्घटनाबाट हुने मानवीय क्षति न्यूनिकरण गर्नु।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. सडक घटनाबाट हुन सक्ने जनधनको क्षति न्युनीकरणको लागि आकस्मिक उद्धार र उपचार संयन्त्र निर्माण गर्ने । | १. गाउँपालिकाभित्र सडक दुर्घटना जोखिम क्षेत्रको पहिचान र सावधानीको सांकेतिकरण गरिनेछ।<br>२. सडक दुर्घटना तथा अन्य दुर्घटना नियन्त्रण गर्न विषेश कार्ययोजना निर्माण गरी लागु गरिनेछ ।<br>३. दुर्घटना भएमा Rapid Response र उपचारको लागि सुरक्षाकर्मी, स्वास्थ्य सेवा प्रदायक निकायलाई उच्च सतर्क अवस्थामा राखिनेछ। |

## उद्देश्य ५- स्वास्थ्यकर्मीको समयसापेक्ष क्षमता विकास र प्रविधिमैत्री स्वास्थ्य सूचना प्रणालीको स्थापना गर्नु।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. स्वास्थ्य सेवामा आबद्ध सबै किसिमका जनशक्तिको क्षमता विकासको नीति, कार्यक्रम र बजेट व्यवस्थापन गर्ने। | १. गाउँपालिकाका विभिन्न स्वास्थ्य सेवा प्रदायक निकायमा कार्यरत स्वास्थकर्मीको क्षमता वृद्धिको लागि आवश्यकता पहिचान गरिनेछ।<br>२. सुरक्षित मातृ तथा शिशुको क्षेत्रमा कार्यरत स्वास्थ्य स्वंम सेविका, अ.न.मी., नर्स आदिलाई बदलिदो पद्धति र प्रसुती सेवाबारे पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ।<br>३. खोप, पोषण, मानसिक स्वास्थ्य प्रजनन् स्वास्थ्य यौनरोग आदि सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई विविधतामा आधारित समुदायमैत्री सेवा प्रवाह गर्न व्यवहार पद्धति परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रममा सहभागी गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, जनस्वास्थ्य तथा समग्र स्वास्थ्य सेवा प्रणाली बारेका सूचनाहरुलाई समयनुकुल प्रविधिमैत्री बनाउने । | १. प्रत्येक स्वास्थ्य संस्थामा विरामी भर्ना भए पश्चात आउँदा साथै पटक-पटक अस्पताल आउँदा निजको उपचारको इतिहासको अभिलेख रहने गरी डिजिटल अभिलेख प्रणाली निर्माण गरी लागु गरिनेछ ।<br>२. उपचारका लागी डिजिटल प्रविधिबाट दर्ता गर्ने प्रणाली अबलम्बन गरिनेछ ।<br>३. स्वास्थ्य सेवाबारेमा सम्पूर्ण सूचनाहरु वेबसाइटमा राख्ने व्यवस्था मिलाइनेछ ।<br>४. बिरामीले बुझ्नुपर्ने अत्यावश्यकीय जानकारीहरु प्रदान गर्न Notification प्रणालीको प्रोयग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्राप्त गर्ने सेवाग्राहीको सूचना, मन्जुरी तथा गोपनियताको हकलाई प्रोत्साहित गरिनेछ ।<br>६. नागरिकको स्वास्थ्यमा प्रतिकुल असर गर्ने विज्ञापन तथा अन्य संचार सामाग्रीहरुलाई निरुत्साहित गरिनेछ ।<br>७. स्वास्थ्य सेवा अन्तर्गत सूचना प्रणालीलाई सुदृढ गरी ती सूचनाहरुलाई नीति निर्माण तहमा सदुपयोग गरिनेछ । |

**उद्देश्य नं ६- समावेशी र प्रभावकारी स्वास्थ्य सेवा व्यवस्थापन गरी सुशासन कायम गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वास्थ्य सेवा सुविधालाई आम नागरिकको पहुँचमा पुर्याउन सामाजिक सुरक्षाको कार्यक्रमलाई विस्तार गर्ने । | १. स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकलाई अनिवार्य समेट्न गाउँकार्यपालिका र गाउँवासीको लागत साझेदारी बिमितको संख्या विस्तार गरिनेछ ।<br>२. स्वास्थ्य बीमा कार्यक्रमले निर्धारण गरेको सेवा र सुविधा तोकिएको अस्पतालले प्रदान गरे/नगरेको विषयमा गाउँपालिकाले नियमित अनुगमन गर्नेछ ।<br>३. बीमा सेवाको गुणस्तर सुधार गर्न सम्बन्धित निकाय र सरोकारवालासँग गाउँपालिकाले समन्वयकारी भूमिका खेल्नेछ ।<br>४. आर्थिक अवस्था कमजोर भएका र गम्भिर प्रकृतिका रोग जस्तै सडक दुर्घटनामा हेड एण्ड स्पाइनल इन्ज्युरी भएका, मुटु, मृगौला, पार्किन्सस, विभिन्न प्रकारका क्यान्सर पिडित विरामीको लागि विपन्न नागरिक उपचार कोषमा प्रत्येक वर्ष रकम विनियोजन गरिनेछ।<br>५. वास्तविक पिडित र नागरिकलाई राहत प्रदान गर्न कार्यविधिमा आधारित कोष व्यवस्थापन गरिनेछ । |
| २. गाउँपालिका भित्रका फार्मेसी तथा औषधी पसलहरुको दर्ता,नविकरण र सेवा प्रवाहको नियमित अनुगमन गर्ने। | १. प्रत्येक वडामा औषधी वितरण प्रणालीलाई सुदृढ गर्न साथै नेपाल सरकारले निशुल्क प्रदान गर्ने बाहेकका औषधीको उपलब्धता सुनिश्चित गर्न नीजि क्षेत्र वा कुनै स्वास्थ्य संस्थाले मापदण्डका आधारमा औषधी पसल सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।<br>२. प्रत्येक औषधि पसलले विक्रि वितरण गर्ने औषधीको गुणस्तर परीक्षणको लागि नियमित अनुगमन तथा नियन्त्रण गरिनेछ ।<br>३. आयूर्वेदिक तथा जडीबुटीजन्य औषधीको गुणस्तर नियन्त्रण गर्न नियमनकारी संयन्त्रको निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. वैकल्पिक उपचार पद्धतीमा अपनाइने औषधीको स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न निजी क्षेत्रसँग अन्तकृया तथा मापदण्डका आधारमा सहुलियतको व्यवस्था गरिनेछ ।<br>५. स्थानीय लामा, झाँक्री तथा वैद्यहरुले वितरण गर्ने औषधिहरुको बारेमा सुक्ष्म अध्ययन र निगरानी गरी उनीहरुलाई आधारभूत तथा वैज्ञानीक जिवन रक्षा सम्बन्धी तालिम प्रदान गरिनेछ ।<br>६. नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था दातृ निकाय, नीजि क्षेत्र तथा ग्रैह सरकारी संस्थाबाट प्राप्त हुने औषधि तथा स्वास्थ्य सामाग्रीहरुलाई व्यवस्थापन गरी वितरण गर्ने प्रणालीको विकास गरिनेछ ।<br>७. अत्यावश्यक जीवन रक्षक औषधीहरुको आपूर्ति प्रणालीलाई सुदृढ बनाई राख्न नियमितरुपमा आपूर्तिको अवस्था बारे सूचना प्रवाह संयन्त्र विकास गरिनेछ ।<br>८. सम्पूर्ण स्वास्थ्य संस्थाहरुको प्रदान गर्ने सेवाहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम सेवा गुणस्तर मापदण्ड पुरा गरे नगरेको नियमित अनुगमन तथा नियन्त्रण गरिनेछ । |
| ३. गुणस्तरीय र नागरिकमैत्री स्वास्थ्य सेवा व्यवस्थापन गरी स्वास्थ्य क्षेत्रमा सुशासन प्रत्याभूत गर्ने । | १. स्थानीय स्वास्थ्य सेवालाई पारदर्शी, जवाफदेही एंव जनउत्तरदायी बनाउन स्थानीय स्वास्थ्य सुशासन कार्यविधी निर्माण गरी लागु गरिनेछ ।<br>२. सेवाग्राहीको उजुरी, गुनासो तथा सुझावको उचित सम्बोधन गर्न प्रत्येक स्वास्थ्य संस्थामा संयन्त्र निर्माण गरिनेछ ।<br>३. स्वास्थ्यकर्मीहरुको व्यक्तिगत सुरक्षा सम्बन्धी मापदण्ड पूर्णत पालना गरिनेछ ।<br>४. सम्पूर्ण स्वास्थ्य संस्थाबाट सम्पादन गरिएका कृयाकलापहरुको नियमित सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।<br>५. स्वास्थ्य पूर्वाधार तथा सेवालाई अपाङ्गमैत्री तुल्याइनेछ ।<br>६. बालबालिका, महिला तथा बृद्धबृद्धाहरुलाई प्राथमिकतामा राखी सेवा प्रदान गर्न सोहिअनुसार प्रावधानहरुको विकास गरिनेछ ।<br>७. स्वास्थ्य क्षेत्रमा खर्चगर्ने बजेटको आकार आवश्यकताका आधारमा बृद्धि गरी स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयनलाई सुनिश्चित गरिनेछ ।<br>८. बढ्दो जनसंख्या चापका कारण बजार तथा शहरी केन्द्रहरुमा हुने जनस्वास्थ्य जटिलता कम गर्न नियमित अध्ययन गरि नतिजाका आधारमा विशेष कार्ययोजना निर्माण गरिनेछ ।<br>९. वैदेशिक रोजगारीमा जाने नागरिकको लागि स्वास्थ्य सुरक्षा मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>१०. अस्पताल तथा स्वास्थ्य संस्थामा हुने मृत्यूका कारण र प्रवृतिको अभिलेख व्यवस्थापन गरी स्थानीय पञ्जिकरण प्रणालीमा आबद्ध गरिनेछ ।<br>११. प्रत्येक वडामा जेष्ठ नागरिक स्याहार तथा Outreach उपचार केन्द्र स्थापना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १२. गाउँपालिकामा एक मानसिक तथा शारिरिक पुर्नस्थापना केन्द्र स्थापना गरिनेछ ।<br>१३. विभिन्न उमेर समूह, समुदाय, संस्कृति, लिङ्ग र क्षेत्र अनुसार स्वास्थ्य सेवाहरुलाई विविधिकरण गरी खण्डिकृत तथ्याङ्कका आधारमा उपचार पद्धतिमा क्रमश विकास गरिनेछ । (उदाहरणका लागि उपचार, औलो, डेङ्गु आदि)<br>१४. स्थानीयस्तरमा आप्रवासन तथा प्रवास प्रस्थान गर्ने नागरिकहरु लक्षित (Migration Health Management Information System) आप्रवास स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । |

## दिगो विकास लक्ष्य न. ३ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र . स. | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| १. | दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | ४३.१६ | १०० |
| २. | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | | ० | ० |
| ३. | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | | ० | ० |
| ४. | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | ० | ० |
| ५. | कालाजार बिरामी वार्षिक | संख्या | ० | ० |
| ६. | हात्तिपाइले बिरामी वार्षिक | संख्या | ० | ० |
| ७. | डेङ्गु बिरामी वार्षिक | संख्या | ४ | ० |
| ८. | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | ० | ० |
| ९. | मुटुसम्बन्धी बिरामी वार्षिक | संख्या | २३ | ० |
| १०. | क्यान्सर बिरामी वार्षिक | संख्या | ७ | ० |
| ११. | मधुमेह बिरामी वार्षिक | संख्या | ११७ | ० |
| १२. | श्वास प्रश्वास प्रणाली सम्बन्धी दीर्घ रोग दम आदिका बिरामी | संख्या | ७६ | ० |
| १३. | आत्महत्याबाट हुने मृत्युदुर प्रति दश हजार जनसंख्यामा | संख्या | - | ० |
| १४. | सडक दुर्घटनाबाट मृत्युदुर प्रति दश हजार जनसंख्यामा | संख्या | - | ० |
| १५. | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | २७.६ | ० |
| १६. | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | संख्या | २७ | १०० |
| १७. | प्रजनन् उमेरसमुहका महिलाहरुमा रक्तअल्पताको समस्या भएका महिला | प्रतिशत | ३ | ० |
| १८. | ५ बर्ष मुनीका बालबालिकाको रक्तअल्पताको स्थिति | प्रतिशत | - | ० |
| १९. | स्वास्थ्य संस्थामा प्रसुति गराएका संख्या | संख्या | ५६ | - |
| २०. | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज)गर्ने शिशु | प्रतिशत | ७४.३ | १०० |

| क्र. स. | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| २१. | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवार | प्रतिशत | - | - |
| २२. | रगतमा ग्लुकोजको मात्रा बृद्धि भइ औषधी सेवन गरिरहेका १५ बर्ष माथिका जनसंख्या | प्रतिशत | - | ० |
| २३. | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | १०० | १०० |
| २४. | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा( | - | - |
| २५. | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल  दिगो विकास (बजेटको) लक्ष्य ३ | प्रतिशत | ३ | १० |
| २६. | आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | ४ | ९ |
| २७. | कुपोषण भएका बालबालिका दर | प्रतिशत | ०.६ | ० |
| २८. | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | ५ |
| २९. | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | ३ |
| ३०. | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | ३ |
| ३१. | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | ० | १ |
| ३२. | योग केन्द्र | संख्या | ० | १ |
| ३३. | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | - | १०० |
| ३४. | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य, धामी, झाँक्री | संख्या | - | - |
| ३५. | परिवार नियोजन सेवा केन्द्र | संख्या | १ | ३ |
| ३६. | रक्तसंचार सेवा | संख्या | ० | १ |
| ३७. | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | - | - |
| ३८. | मातृ मृत्युदर (प्रति हजारमा) | प्रति हजारमा | ० | ० |
| ३९. | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | प्रतिशत | २३ | सम्पूर्ण लक्षित महिला |
| ४०. | HIV AIDS Antiviral औषधी प्राप्त गर्ने | संख्या | ० | ० |
| ४१. | उच्च रक्तचापको औषधी सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | - | - |
| ४२. | अस्पताल | संख्या | ० | १ |
| ४३. | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | ० | १ |
| ४४. | स्वास्थ्य प्रयोगशाला | संख्या | १ | ५ |

*** – गाउँ कार्यपालिकाको कार्यालय*

## लक्ष्य - ४: सबैका लागि समावेशी तथा समतामूलक गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने।

### उद्देश्य १- शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गाउँपालिकावाट निरक्षरता उन्मुलन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने। | १. गाउँपालिकाभित्र वडागत रूपमा साक्षर र निराक्षर जनसंख्याको वर्गीकृत तथ्याङ्क तयार गरिनेछ।<br>२. बालविकास, आधारभूत तथा माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै विशेष शिक्षासम्बन्धी कानुन र मापदण्ड निर्माण गरी लागू गरिनेछ।<br>३. गुणस्तरीय शिक्षा विकासको लागि गुरुयोजना निर्माण गरी लागू गरिनेछ।<br>४. अति विपन्न समूदायका विद्यालय जाने बालबालिकाको तथ्याङ्क तयार पारिने छ ।<br>५. विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित बालबालिकालाई विद्यालय पुर्‍याउन नसक्नुका कारणहरूको अध्ययन गरी तिनको निराकरण गरिनेछ।<br>६. विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना र नियमित उपस्थित हुने वातावरण तयार गर्न विद्यालय, घरपरिवार, समाज सबैको भूमिकालाई सकरात्मक बनाउन सचेत बनाइनेछ ।<br>७. विद्यालय जाने उमेर छँदै बाल विवाहमा परेका या शिक्षाबाट बञ्चित बालबालिकालाई बुहारी शिक्षाअन्तर्गत विद्यालयमा आउने वातावरण निर्माण गर्न अभियान सञ्चालन गरिनेछ। |
| २. स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने | १. विभिन्न भाषाभाषी र जातजातिको विवरण तयार गरी मातृभाषामा पाठ्यक्रम निर्माणसम्बन्धी आवश्यकताको आँकलन गरिनेछ ।<br>२. उपलब्ध भाषा विज्ञको सहयोगमा पाठ्यक्रम निर्माण र विषय शिक्षक तयार गरिनेछ ।<br>३. औपचारिक शिक्षाबाट वञ्चित समूहलाई उपयुक्त समय र माध्यमको प्रयोग अनौपचारिक शिक्षा कक्षा सञ्चालन गरिनेछ ।<br>४. न्युनतम साक्षरता अभियान सञ्चालन गरी गाउँपालिकालाई पूर्ण साक्षर क्षेत्र बनाइनेछ । |
| ३. अति विपन्न, आदिवासी, सिमान्तकृत, दलित तथा अपाङ्ग र विद्यालय जानबाट वञ्चित विद्यार्थी तथा वयस्क केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने । | १. अतिविपन्न र विद्यालय जानबाट वञ्चित सम्पूर्ण बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पुर्याउन विशेष छात्रवृत्तिकोषको व्यवस्था गरिनेछ।<br>२. प्रत्येक वडामा निरक्षर केन्द्रित अनौपचारिक प्रौढ शिक्षा कक्षालाई अभियानको रुपमा सञ्चालन गरिनेछ।<br>३. अनौपचारिक प्रौढ शिक्षाको उपलब्धी मापन गर्न सत्र समापन पश्चात वार्षिक सर्वेक्षण गरिनेछ।<br>४. फरक शारिरिक अवस्था रहेकालाई विशेष कक्षा संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. स्थानीय सञ्चार माध्यममार्फत तथा वडास्तरमा शिक्षाको महत्वका विषयमा निरक्षर केन्द्रित जनचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ। |
| ४. विभिन्न कारणले उत्पिडनमा परेका बालबालिकामैत्री लैङ्गिक र समावेशी शिक्षा कार्यान्वयनका लागि वातावरण निर्माण गर्ने। | १. द्वन्द्वपिडित, हिंसा पिडित, दलित, विपन्न, वन्चितिकरणमा परेका बालबालिकाहरुलाई छात्रवृत्ति कार्यक्रमको सुनिश्चितता गरिनेछ ।<br>२. किशोरावस्थामा हुने शारीरिक, मानसिक र संवेगात्मक विकास र परिवर्तनका वारेमा बालबालिकालाई अभिमुखीकरण गरिनेछ ।<br>३. छात्र-छात्रामैत्री शौचालयको निर्माण, स्यानीटरी प्याडको वितरण, स्वच्छ महिनावारी सम्वन्धी अभिमुखीकरण गरी महिनावारीका कारण विद्यालयमा हुने अनुपस्थितिको संख्या घटाइनेछ । |

## उद्देश्य २ - विद्यालय शिक्षाको समग्र गुणस्तर सुधार गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. समग्र विद्यालयको गुणस्तर सुधारको लागि आवश्यक योजना निर्माण गर्ने। | १. गाउँपालिकाभित्रका सवै विद्यालयको गुणस्तर सुधार र स्तरोन्नतीको लागि विद्यालय विकास योजना र बार्षिक अनुगमन र मूल्याङ्कन क्यालेन्डर निर्माण गरिनेछ ।<br>२. विद्यालयमा आवद्ध जनशक्तिको क्षमता विकासका लागि आवश्यकता र मागमा आधारित क्षमता विकास कार्यक्रमको लागि बजेट व्यवस्था गरिनेछ ।<br>३. प्रत्येक विद्यार्थीको शैक्षिक र व्यक्तिगत विकासको मापन र अध्यावधिक गरी शैक्षिक प्रोफाइल कार्यान्वयनमा ल्याइनेछ ।<br>४. प्रविधिमैत्री विद्यालय शिक्षा निर्माणका लागि नवीनतम् प्रविधिमा आधारित शैक्षिक सामाग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>५. गणित, विज्ञान र अङ्ग्रेजी लगायतका विषयको विषयगत उपलब्धीको निरन्तर मूल्याङ्कन गरी सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।<br>६. प्रत्येक वडामा माध्यमिक शिक्षा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययन गर्न चाहने युवा लक्षित करियर काउन्सिलिङ गरिनेछ ।<br>७. प्रत्येक विद्यालयमा व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थी सहितको नियमित अन्तर्रक्रिया र छलफल सञ्चालन गरिनेछ । |
| २. गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक न्यूनतम शैक्षिक पूर्वाधार निर्माण गर्ने। | १. गाउँपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरीक्षण गरी त्यहाँ रहेका भौतिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरिनेछ।<br>२. अपाङ्गतामैत्री भवन निर्माण र मर्मत सम्वन्धी मापदण्ड तथा कार्यविधि बनाई गाउँपालिका भित्रका सामुदायिक र निजी विद्यालयलाई कार्यान्वयन गराइनेछ ।<br>३. निर्माण सम्पन्न भइ सञ्चालनमा रहेका विद्यालयको नियमित मर्मतसंभार तथा नवनिर्माणमा मापदण्डको परिपालना सुनिश्चित गरिनेछ ।<br>४. भूगोल र जलवायु अनुकुलनको भौतिक संरचना, पुस्तकालय, वाचनालय, शौचालय, खेलकुद मैदान, विज्ञान तथा कम्प्युटर प्रयोगशाला जस्ता आधारभूत मापदण्ड पुरा गरी उत्कृष्ट शैक्षिक नतिजा ल्याउने विद्यालयलाई विशेष पुरस्कार दिई स्वस्थ प्रतिस्पर्धा बढाइनेछ ।<br>५. स्वास्थ्य, अनुशासन र समूहभावको विकास गर्न अन्तर विद्यालय खेलकुद प्रतिस्पर्धा आयोजनाका लागि विद्यालयलाई आर्थिक सहयोग गरिनेछ ।<br>६. विद्यालयको शैक्षिक गुणस्तर कायम राख्न, मानव संशाधन र पूर्वाधारमा स्तरोन्नती गर्न नियमित अनुगमन गरिनेछ ।<br>७. विद्यालयलाई आवश्यक खेलमैदानको उचित प्रबन्ध गरिनेछ।<br>८. भौगोलिक विकटताका कारण विद्यालय जान नसक्ने बालबालिकालाई विद्यालयको पहुँचसम्म पु¥याउन छात्राबासको व्यवस्थापन गरिनेछ । |
| ३. शैक्षिक जनशक्तिको क्षमता विकास गर्ने । | १. विद्यार्थी संख्या तथा शिक्षक संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी सोको विस्तृत अध्ययन प्रतिवेदन तयार पारिनेछ ।<br>२. विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयमा दरवन्दी व्यवस्था गरिनेछ।<br>३. विद्यार्थी संख्या अति न्यून भएका विद्यालयहरूको गाभ्ने प्रक्रियाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।<br>४. कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरुप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिनेछ।<br>५. शिक्षकहरुलाई प्रविधि र विषय स्तरिकृत तालिम तथा अन्तराष्ट्रिय अध्ययन भ्रमण उपलब्ध गराइनेछ ।<br>६. शिक्षकहरुको विषयगत समितिलाई सिकाइ थलोका रुपमा विकास गरिनेछ ।<br>७. युवा स्वयंसेवक शिक्षक तथा शिक्षण सहायक उपलब्ध गराउन आवश्यक श्रोत साधनको व्यवस्था गरिनेछ। |
| ४. शैक्षिक सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने । | १. नियमित पठनपाठनका लागि आवश्यक पुस्तकालय र पाठ्य पुस्तकहरूको समयमै प्रबन्ध गर्न गाउँपालिकास्तरीय संयन्त्रको निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | २. हरेक विद्यालयमा पुस्तकालय निर्माण गरिनेछ।<br>३. हरेक विद्यालयमा एक कम्प्युटर प्रयोगशाला निर्माण गरिनेछ।<br>४. हरेक माध्यमिक विद्यालयमा एक विज्ञान प्रयोगशाला निर्माण गरिनेछ। |

## उद्देश्य ३ - जीवनोपयोगी पाठ्यसामग्रीको निर्माण र शिक्षण मार्फत नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु ।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. गाउँपालिकाभित्र कम्तिमा एउटा बहुउद्देश्यीय शिक्षालयको स्थापना गरी प्राविधिक, व्यवसायिक तथा सीपमूलक शिक्षामा जोड दिइने । | १. गाउँपालिकाभित्र CTEVT बाट सम्बन्धन प्राप्त एक बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ।<br>२. शिक्षा र सीपमा आधारित जनशक्ति विकासका लागि वडाको कम्तिमा एक विद्यालयमा प्राविधिक विषय समावेश गरी अध्यापन गराइनेछ ।<br>३. शिक्षा, सीप तथा व्यवसाय संगसंगै अगाडी लैजान विद्यालयमा छुट्टै कोष स्थापना गरी पुँजी परिचालनको संभाव्यता अध्ययन गरिनेछ ।<br>४. स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन लागि अध्ययन अवलोकन भ्रमण गराउने तथा उद्योग व्यवसायसंग सम्झौता गरी इच्छुक विद्यार्थीलाई प्रशिक्षार्थीको रुपमा अभ्यास गराउने कार्यमा शिक्षालय र उद्योगबीच समन्वय गरिनेछ ।<br>५. प्रत्येक वडा तहमा इच्छुक युवाका लागि स्थानीय कच्चा पदार्थ, सीप, प्रविधिमा आधारित छोटो अवधिका तालिम तथा ज्ञान हस्तान्तरणका माध्यमवाट शिक्षा र संस्कृतिको संरक्षण गरिनेछ ।<br>६. हरेक विद्यालयमा ICT ल्यावको व्यवस्था गरी विद्यार्थीलाई प्राविधिक शिक्षाको पहुँचसम्म पुऱ्याइने छ । |
| २. नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने । | १. हरेक तह साथै औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन सीप (Life Skills) विकास गर्न पाठ्यक्रम तयार गरी लागू गर्न विज्ञसँग परामर्श लिइनेछ ।<br>२. हरेक तहको शिक्षामा, आध्यात्मिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रर्वद्धन गर्ने पाठ्यक्रम तयार गरी अनिवार्य लागू गर्न त्यस्ता विषय शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |

## दिगो विकास लक्ष्य न. ४ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
| --- | --- | --- | --- | --- |
| १. | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | ९८ | ९९ |
| २. | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | ९६ | १०० |
| ३. | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | ९५ | १०० |

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| ४. | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्नेअनुपात | | ९५ | १०० |
| ५. | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | ९५ | १०० |
| ६. | कक्षा ५ को निम्ती सिकाई उपलब्धी (गणित, अंग्रेजी, नेपाली) | प्रतिशत | ७० | ८० |
| ७. | माध्यमिक शिक्षाको कुल भर्नादर (0९ देखि १) | प्रतिशत | ८५ | ९५ |
| ८. | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | २२ | २२ |
| ९. | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति हाजिरी (प्रतिशत) | प्रतिशत | ८५ | ९५ |
| १०. | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | १५ | ४० |
| ११. | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक) | सूचकाङ्क | ०.९६ | १ |
| १२. | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | सूचकाङ्क | ०.९ | १ |
| १३. | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ८० | ९५ |
| १४. | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ७५ | ९५ |
| १५. | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | ४ | १० |
| १६. | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | १०० | १०० |
| १७. | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | ८० | १०० |
| १८. | ध्ब्क्ज् सुविधा भएका आधारभूत विद्यालयहरू | प्रतिशत | - | - |
| १९. | अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | ० | ३० |
| २०. | न्यूनतम रूपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | १०० | १०० |
| २१. | न्यूनतम रूपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | १०० | १०० |
| २२. | समग्र साक्षरता प्रतिशत | | ७३.६ | ८० |
| २३. | साक्षरता प्रतिशत (पुरुष) | | ८१ | ८८ |
| २४. | साक्षरता प्रतिशत (महिला) | | ६६.३ | ७२ |
| २५. | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | ० | १ |
| २६. | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | १ | ३ |
| २७. | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या (१–८) | प्रतिशत | ९७ | १०० |
| २८. | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या (9–12) | प्रतिशत | ८५ | १०० |
| २९. | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | १० | ४० |
| ३०. | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | १३ | २५ |
| ३१. | विद्यावारिधि उत्तीर्ण जनसंख्या | संख्या | ० | ५ |
| ३२. | प्राविधिक वा व्यावसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | ७ | २० |
| ३३. | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | १३ | ४० |
| ३४. | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | ० | २५ |
| ३५. | बुक कर्नर सुविधा भएका विद्यालय | प्रतिशत | १०० | १०० |
| ३६. | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | ० | २५ |

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| ३७. | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | १३ | ६० |
| ३८. | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | ९ | २५ |
| ३९. | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | ० | ५ |
| ४०. | पछिल्लो १२ महिनामा अनौपचारिक तथा औपचारिक शिक्षा र तालिममा युवाहरुको सहभागिता दर | प्रतिशत | ० | २६ |
| ४१. | बालक्लवको संख्या | संख्या | ३ | ८ |

*स्रोत- गाउँपालिकाको कार्यालय*

## लक्ष्य-५ लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूको सशक्तीकरण गर्ने ।

### उद्देश्य १ - लैङ्गिकता उमेर, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको असमानताको अन्त्य गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने । | १. अनिवार्य नारी शिक्षासम्बन्धी विशेष नीति तथा कार्ययोजना निर्माण गरिनेछ।<br>२. छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिसँग नियमित अन्तरक्रिया सञ्चालन गरिनेछ।<br>३. महिला अधिकार, महिला हिंसा, यौन शोषण, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी महिलालाई सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिनेछ।<br>४. प्रत्येक वडामा रहेका महिला सेलहरू मार्फत् हरेक महिना पुरुषहरूको समेत संलग्नतामा महिला जागरण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. माध्यमिक शिक्षामा अनिवार्य रुपमा प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य लगायतका लैङ्गिक सवालहरू समावेश गरिनेछ।<br>६. स्थानीय सञ्चार माध्यमहरूबाट लैङ्गिकता तथा महिला जागरण सम्बन्धी सामाग्री नियमित प्रसारण गरिनेछ।<br>७. बुहारी शिक्षालाई अनिवार्य गरिनेछ।<br>८. दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइने छ ।<br>९. विद्यालयमा सामाजिक शिक्षा अध्यापनरत शिक्षक शिक्षिकालाई समेटेर लैङ्गिक हिंसा र महिला जागरणसम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।<br>१०. उपाध्यक्षसंग समन्यायिक विकास कार्यक्रम मार्फत समुदायमा कानुनी सचेतना कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| २. महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका | १. गाउँपालिकामा स्थापना भई कार्य गरिरहेका सबै प्रकारका महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाई लक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित |

| रणनीति | कार्यनीति |
|---|---|
| कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गर्ने । | आयआर्जन तालिम, सिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ।<br>२. गाउँपालिकाभर रहेका महिला उद्यमीहरूको अभिलेख तयार गरिनेछ।<br>३. महिला उद्यमीहरूलाई गाउँपालिका बाहिरका सफल महिला उद्यमीहरूसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ ।<br>४. मापदण्डका आधारमा महिला उद्यमीहरूलाई उनीहरूको नाममा दर्ता भई सञ्चालन हुने साना तथा घरेलु उद्योगमा व्याजमा अनुदान प्रदान गरिनेछ।<br>५. सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूको अभिलेख तयार पारी निःशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ।<br>६. स्थानीय न्यायिक समितिलाई नियमित तालिम सञ्चालन गरिनेछ।<br>७. महिलाका नाममा रहेको अचल सम्पत्ति सम्बन्धी वस्तुगत विवरण संकलन गरिनेछर त्यसमा वृद्धि गर्न ऐन कानुनमा सहुलियतको प्रबन्ध गरिनेछ।<br>८. "एकल महिला आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न व्याज अनुदान कोष निर्माण गरिनेछ।<br>९. महिला तथा यौन हिंसा पहरेदारी तथा कानुनी सेवाका लागि वडास्तरीय महिला सेल गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१०. गाउँपालिकास्तरीय एक महिला सुरक्षा गृहको निर्माण गरिनेछ।<br>११. गाउँपालिकास्तरीय एक महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना गरिनेछ।<br>१२. गाउँपालिकामा उच्च शिक्षामा छात्राको उपस्थिति वृद्धि गर्न बालिका बिमा कार्यक्रम लागु गरिनेछ।<br>१३. सम्बन्ध विच्छेदका मूल कारणहरुको अध्ययन गरी न्यायिक समितिको पहलमा न्यूनिकरण गर्न परामर्श सेवा सञ्चालन गरिनेछ ।<br>१४. महिला बेचविखन तथा ओसारप्रसार विरुद्ध वडास्तरीय महिला सेलहरुलाई विशेष अभिमुखिकरण सञ्चालन गरिनेछ ।<br>१५. जेष्ठ नागरिक, हिंसापिडित महिलालाई उद्दार र संरक्षण गर्न लैङ्गिक हिंसा राहत कोष स्थापना गरिनेछ । |
| ३. जेष्ठ नागरिकको सामाजिक सुरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने । | १. संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सुरक्षा अन्तर्गतका सबै कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिकाभित्र जेष्ठ नागरिक प्रतिकार्य इकाइ सञ्चालन गरिनेछ।<br>२. वडास्तरीय जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिनेछ।<br>३. एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिनेछ।<br>५. स्थानीय सञ्चार माध्यमसँगको सहकार्यमा जेष्ठ नागरिकहरूका जीवन अनुभव साट्न र सुन्न **जेष्ठ नागरिक आवाज** कार्यक्रम सञ्चालन गरिनेछ।<br>६. वर्षमा १ पटक आन्तरिक पर्यटन प्रर्वद्धन तथा जेष्ठ नागरिक सम्मान स्वरुप निश्चित मापदण्डका आधारमा जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम सञ्चालन गर्न परिवहन अनुदान प्रदान गरिनेछ।<br>७. वडास्तरमा आफ्ना रितीथिति, संस्कार, धर्म सम्प्रदाय अनुरुपका भजन किर्तन, गायन, बाद्यवाधन कार्यक्रम संचालन गर्न जेष्ठ नागरिक किर्तन मण्डली गठन गरी बाद्यवाधन यन्त्रमा मापदण्ड बनाई अनुदान प्रदान गरिनेछ।<br>८. ८० वर्ष नाघेका जेष्ठ नागरिकहरूलाई सु-आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा वितरण गर्ने प्रवन्ध गरिनेछ।<br>९. जेष्ठ नागरिकको सम्पूर्ण स्वास्थ्य उपचार निशुल्क गरिनेछ।<br>१०. असाहय बुबाआमा र टुहुरा बालबालिका संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४. अपाङ्गता भएको व्यक्तिको आत्मबल बढाउने र आत्मसम्मान जगाउने । | १. गाउँपालिकाभर रहेका सम्पूर्ण अपाङ्गता भएका नागरिकहरूको व्यक्तिगत विवरण संकलन गरिनेछ।<br>२. अपाङ्गता परिचय पत्र लिन बाँकि भएमा अपाङ्गताको प्रकार अनुसार परिचय पत्र वितरण गरिनेछ।<br>३. अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरूको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष अध्ययन पश्चात कार्ययोजना निर्माण गरिनेछ।<br>४. ह्वीलचियर आवश्यक अपाङ्गहरूको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिनेछ।<br>५. विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता सिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिनेछ।<br>६. पूर्ण अपाङ्गता भई जीवन निर्वाह गर्न पूर्ण असक्तहरूको विवरण संकलन गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिनेछ।<br>७. जटिल प्रकारको अपाङ्गता भएका व्यक्तिहरूले जीवन निर्वाह व्यवसाय गर्न चाहेमा रु. १ लाख बराबरको व्यवसायमा सत प्रतिशत व्याजमा अनुदान प्रदान गरिनेछ ।<br>८. गाउँपालिकामा निर्माण हुने सबैखाले सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन पूर्वाधार निर्माण मापदण्ड र कार्यविधि परिमार्जन गरिनेछ।<br>९. अपाङ्गता भएका नागरिकहरूको समस्या कठिनाई र आवाजहरू उजागर गर्न अपाङ्गता भएका व्यक्तिको नेतृत्वमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | गाउँपालिका स्तरीय एक अपाङ्गता नागरिक सहयोग तथा सरोकार मञ्च गठन गर्न सहजिकरण गरिनेछ ।<br>१०. जटिल प्रकृतिका अपांगता भएका विद्यार्थीहरूलाई निजले पढ्न चाहेसम्मको शिक्षाको लागि विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।<br>११. अपाङ्गता भएका तर विशेष कलाको क्षमता भएकालाई लक्षित गरी प्रोत्साहन अनुदान दिइने छ ।<br>१२. पूर्ण अपाङ्ग परिवारका लागि प्रोत्साहन तथा भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

**उद्देश्य २- गाउँपालिकाको नीति, योजना, कानून, संस्थागत र संरचनागत व्यवस्थालाई बालबालिका तथा किशोरकिशोरी मैत्री बनाउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. बालमैत्री स्थानीय शासन लागू गर्ने। | १. बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाका समग्र बालबालिकाको वस्तुगत अवस्थाबारे अध्ययन गरी बालबालिका स्थितिपत्र तयार पारिने छ ।<br>२. गाउँपालिकाको नीति, योजना र पूर्वाधार विकास गर्दा बालमैत्री शासन निर्देशिकाको परिपालना गरिनेछ।<br>३. बालपोषण, स्वास्थ्य, शिक्षा, स्याहार, मनोरञ्जन जस्ता विषयमा व्यक्ति, परिवार, विद्यालय लगायतका सबै निकायबाट पर्याप्त ध्यान पुऱ्याउन सञ्चार माध्यमबाट प्रचार-प्रसार, बाल क्लव, आमा समुह मार्फत अभियान सञ्चालन गरिनेछ ।<br>४. स्थानीय स्तरमा निर्माण हुने संरचनालाई बालमैत्री बनाइनेछ ।<br>५. मानव बेचविखन, लैङ्गिक तथा घरेलु हिंसा पिडित, द्वन्दमा परेका अशक्त, असहाय बालबालिकाको पुनर्स्थापना, सामाजिक एकिकरणको लागि संघ र प्रदेश सरकारवाट सञ्चालित कार्यक्रमबीच समन्वय र सहकार्य गरिनेछ ।<br>६. गाउँपालिकाको वार्षिक नीति कार्यक्रममा बाल क्लब र समुहका माग र आवश्यकतालाई सम्बोधन गरिनछ ।<br>७. न्यायमा बालबालिकाको सहज पहुँच स्थापना गरिनेछ ।<br>८. गाउँपालिका भित्र संचालित बालगृह, पुनःस्थापना केन्द्र र बाल संरक्षण समितिका कार्यलाई नियमित अनुगमन गरिनेछ ।<br>९. सडक बालबालिका मुक्त, हिंसा रहित समाज निर्माणको लागि सबै सरोकारवाला निकायको सहभागितामा जोखिम क्षेत्रको निरन्तर अनुगमन गरिनेछ । |
| २. बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने । | १. बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बन्धमा अभिभावकहरूलाई सचेत बनाउने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ।<br>२. बालबालिकाहरू स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. विशेष अवसर (बाल दिवस) मा सप्ताहव्यापि बालअधिकार जागरण अभियान सञ्चालन गरिनेछ। |
| ३. अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने | १. गाउँपालिकामा आर्थिक रुपमा अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिने छ ।<br>२. जोखिमयुक्त काम, बालश्रम, बेचविखन तथा ओसारपसारमा परेका बालबालिकाको स्थितिपत्र प्रकाशन गरिनेछ ।<br>३. जोखिमयुक्त काम, बालश्रम, बालबालिका बेचविखन तथा ओसार पसार विरुद्ध वडास्तरीय नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. जोखिमपूर्ण काम, बालश्रम, बेचविखन र ओसारपसार विरुद्ध सुरक्षा निकाय, नागरिक समाज, बाल अधिकारकर्मी र स्थानीय जनप्रतिनिधी सम्मिलित निगरानी सेल गठन गरिनेछ । |
| ४. बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था | १. गाउँपालिकालाई सडक बालबालिका र बालश्रम मूक्त घोषणा गर्न गृहकार्य गरिनेछ।<br>२. सबै प्रकारका बाल हिंसा विरुद्ध आवाज उठाउन सञ्चार माध्यम सामाजिक सञ्चालन तथा सरकारी र गैर सरकारी संस्थाको सहयोग लिइने छ ।<br>३. बालबालिका विरुद्ध हुने हिंसा तथा शोषणका कृयाकलाप नियन्त्रण गर्न एक बाल हेल्पलाइन सेवा सञ्चालन गरिनेछ।<br>४. वडास्तरीय एक बाल उद्यान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।<br>५. बाल प्रतिभा पहिचान विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. बाल अधिकार संरक्षण र सम्बर्द्धन गर्न एक जना बालकल्याण अधिकारी नियुक्त गरिनेछ। |

## उद्देश्य ३ - सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक रुपमा पछि परेका समुहको सशक्तिकरण गरी विकासमा मूलप्रवाहिकरण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. महिलाको सामाजिक र आर्थिक सशक्तिकरण र नेतृत्व विकास गर्ने। | १. गाउँपालिकाका सबै वडाभित्र आर्थिक रुपमा विपन्न महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको खण्डिकृत तथ्याङ्क अद्यावधिक गरिनेछ ।<br>२. विपन्न र बेरोजगार महिला, दलित, अल्पसंख्यक आवश्यकतामा आधारित रोजगारी र स्वरोजगार तथा उद्यमशिलता विकासका लागि स्थानीय कच्चा पदार्थ र सीप तथा सरल प्रविधिमा आधारित तालिम र व्यवस्थापन सीप प्रदान गरिनेछ।<br>३. स्थानीय मेला, पर्वमा लक्षित समुहका उत्पादन कला, संस्कृति प्रदर्शन गरी बजारीकरण, प्रचारप्रसार, आर्थिक उपार्जन, सामाजिक सदभाव र एकिकरणका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।<br>४. बालबिवाह, लैङ्गिक हिंसा, दाइजो, छाउपडी लगायतका सामाजिक कुप्रथा विरुद्ध जनचेतनामूलक अभियान संञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. सामाजिक कुप्रथा विरूद्धको कानूनी कारबाहीको बारेमा चेतनाको विस्तार गर्न कानूनी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. बालिका छात्रामैत्री विद्यालय वातावरण तयार गरिनेछ । |

## उद्देश्य ४ - महिलाको आधारभूत मौलिक र मानवअधिकारको प्रत्याभूत गरी समावेशी, समता र समानतामा आधारित शासन र समाजको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. महिलाको संवैधानिक र कानूनी हक प्रत्याभूतिको लागि विद्यमान कानूनमा पुनरावलोकन र गाउँपालिकाको वार्षिक नीति कार्यक्रमलाई महिलामैत्री वनाइने । | १. सुरक्षित मातृत्व, प्रजननको हक कार्यान्वयनका लागि प्रजनन साक्षरत घरदैलो अभियान सञ्चालन गरी घरपरिवारका सदस्य र समुदायलाई सचेत बनाइनेछ ।<br>२. महिलाको सामाजिक, आर्थिक, राजनैतिक नेतृत्व विकासका लागि तहगत सरकारवीच नीति, कार्यक्रम र स्रोतको समन्वय र साझेदारी बढाइनेछ । सफल र उदाहरणीय महिला नेतृत्वको उपस्थितिमा महिला सशक्तिकरण अन्तरक्रिया र नीतिगत सुझाव संकलन गरिनेछ ।<br>३. महिला हिंसा नियन्त्रण, ज्यालामा समानता, कानुनमा सहज पहुँच, सम्पतीमाथिको स्वामित्व र भोगचलन, स्थानीय स्तरवाट हुने नीति निर्माणमा सहभागिता वृद्धिको लागि महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. मानव बेचबिखन नियन्त्रणका लागि महिला सशक्तिकरण, जनचेतनाको विस्तार र परामर्शको कार्यकम सञ्चालन गरिनेछ ।<br>५. वैदेशिक रोजगारीमा जान इच्छुक महिलालाई सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिनेछ । |

## दिगो विकास लक्ष्य न. ५ सँग सम्बन्धित  सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| १ | शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) | प्रतिशत | - | - |
| २ | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (२ (सङ्ख्या) | संख्या | - | - |
| ३ | पहिलो विवाह वा विवाहित मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) | प्रतिशत | १५ | ५ |

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| ४ | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात) | प्रतिशत | १:१ | १:१ |
| ५ | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा | घण्टामा | ४ घण्टा | ४ घण्टा |
| ६ | गाउँपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) | प्रतिशत | - | - |
| ७ | गाउँपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) | प्रतिशत | १ | १ |
| ८ | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व) Bodies) प्रतिशत) | प्रतिशत | ४४ | ६० |
| ९ | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) | प्रतिशत | २ | ५ |
| १० | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) | प्रतिशत | ४१ | ५० |
| ११ | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) | प्रतिशत | ४० | ५० |
| १२ | व्यवसायिक र प्राविधिक कामदारहरूमा महिला–पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) | प्रतिशत | २० | ४० |
| १३ | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | प्रतिशत | २:५ | ४:५ |
| १४ | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या | संख्या | ६० | १५० |
| १५ | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व ) (जमिन र घर) | संख्या | ३०० | ५०० |
| १६ | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत | प्रतिशत | ९० | १०० |

नोटः * – गाउँपालिकाको कार्यालय

## लक्ष्य - ६ सबैको लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

### उद्देश्य १ - गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने । | १. गाउँपालिका भित्र उपलब्ध खानेपानीको मुहानको नक्साङ्कन गरिनेछ ।<br>२. कृषि, सिंचाई, खानेपानी, उद्योग, अस्पताल, विद्यालय आदिको पिउने पानीको माग र आपूर्ति संभाव्यताको विश्लेषण गरिनेछ ।<br>३. वडास्तरीय खानेपानी र सिंचाइ आयोजना निर्माण, वितरण, मर्मत सम्भार लगायत व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्यको जिम्मेवारी उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।<br>४. खानेपानी वितरण सम्बन्धी पूर्वाधार निर्माणमा लागत साझेदारी नीतिलाई प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. एक घर एक धारा अभियान सञ्चालन गरी प्रत्येक घरधुरीमा सफा र पिउनयोग्य पानी वितरणको सुनिश्चितता गरिनेछ ।<br>६. "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरुमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ ।<br>७. अति विपन्न परिवारले खपत गर्ने खानेपानीको मासिक न्युनतम शुल्क गाउँपालिकाले भुक्तानी गरिदिनेछ । |
| २. मुहान संरक्षण तथा खानेपानी सेवाको स्तरवृद्धि गर्ने। | १. खानेपानीको मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ। |
| | २. खानेपानीको संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिनेछ। |
| | ३. गाउँपालिका भित्र न्युनतम मापदण्ड पुगेका शहरी सडकका दायाँबायाँ खानेपानी पाइपलाइन विस्तार गरिनेछ । |
| | ४. खानेपानी उपभोगको परिणाम अनुसार महसुल संकलन गरी मुहान र वितरण प्रणालीको मर्मत संभारका लागि कोषको व्यवस्थापन गरिनेछ । |
| ३. खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण गर्ने । | १. गाउँपालिकाको खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरिनेछ । |
| | २. गाउँ भित्रका सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा फोहर मैला व्यवस्थापनको कार्य योजना पेश गर्न लगाई प्रभावकारी नियमन र सहजीकरण गरिनेछ । |
| | ३. वन, वातावरण तथा विपद व्यवस्थापन समितिलाई सक्रिय बनाइ सरसफाइका क्रियाकलापहरुको प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रणालीको विकास गरिनेछ। |

## उद्देश्य २ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुर्‍याउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | १. प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ ।<br>२. घर घरबाट निस्कने फोहरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विषेश तालिम सञ्चालन गरिनेछ ।<br>३. एक घर एक कम्पोस्ट प्लान्टलाइ निरन्तरता दिइनेछ । |
| २. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | १. प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइने छ ।<br>२. उल्लेखित स्थानहरूमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन वैज्ञानिक विधिहरूको प्रयोग गरी ल्याण्डफिल साईटमा फोहोरमैला व्यवस्थापन गरिनेछ।<br>४. फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिने छ ।<br>५. मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिनेछ।<br>६. बजार केन्द्रहरूमा घरबाट निस्कने फोहोर व्यवस्थापनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया गरी व्यवस्था मिलाइने छ । सो वापत बजार क्षेत्रका घरधुरीहरूबाट सरसफाई शुल्क उठाइने छ ।<br>७. पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिनेछ ।साथै नदीनाला, जलाशय तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिनेछ।<br>८. कोरियन सरकारसंगको समन्वयमा स्थापना हुन गइरहेको दिगो फोहर व्यवस्थापन सम्बन्धि परियोजना यथासिघ्र सम्पन्न गरिनेछ ।<br>९. कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि मोडलमा PPP सेग्रिगेसन सेन्टर स्थापना गरिनेछ । |
| ३. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | १. घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गिकरण गर्न, कम्पोस्ट मल बनाउन र पुर्नप्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी गैसस तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरी स्थानीयबासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईनेछ ।<br>३. स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको प्रयोगलाई बर्जित गरि वैकल्पिक झोलाको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |

## उद्देश्य ३ गाउँक्षेत्रबाट उत्सर्जित फोहरमैलाको उचित व्यवस्थापन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. मानवीय र गैरमानवीय फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्ने । | १. जनघनत्व बढी भएको र आर्थिक चहलपहल बढी हुने शहरी क्षेत्र, बसपार्क जस्ता सार्वजनिक स्थलमा फोहोरमैला संकलन केन्द्र निर्माण गरिनेछ।<br>२. शहर उन्मुख गाउँपालिकाको विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।<br>३. मानववस्ती, उद्योग, अस्पताल, आदिवाट उत्सर्जित फोहरमैलाको वर्गीकरण गरी उचित स्थान र तवरबाट व्यवस्थापन गर्न निजी क्षेत्रसँग समेत साझेदारी ढल व्यवस्थापन गरिनेछ ।<br>४. सामुदायिक सरसफाई अभियान नियमित सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. गाउँपालिकाबासीलाई आफू र आफ्नो टोल समुदायको सरसफाई र सौन्दर्यकरणको लागि जिम्मेवार बनाइनेछ । |

## उद्देश्य ४ - गाउँपालिकाभित्रको जैविक विविधता र पारिस्थितीकीय प्रणालीको संरक्षण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाभित्र विद्यमान भू तथा जलाधार क्षेत्र संरक्षण गर्ने । | १. पर्यावरणीय संरक्षण र दिगोपनाको लागि जलाधार र भूसंरक्षण योजना कार्यान्वयनमा ल्याइनेछ ।<br>२. गाउँपालिकाभित्र रहेका पानीका मुहानहरुको नक्साङ्कन गरी मूहानका संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. वर्षातको पानी संकलन गर्ने प्रविधि बारे तालिम प्रदान गरिनेछ।<br>४. जलाशयको संरक्षण गर्न वृक्षारोपण, वनजंगल संरक्षण गर्ने, विकास निर्माण गर्दा संभव भएसम्म कंक्रिटको प्रयोग कम गर्ने नीतिको अख्तियार गरिनेछ । |

## दिगो विकास लक्ष्य न. ६ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| 1. | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | प्रतिशत | ९५ | १०० |
| २. | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका परिवार | प्रतिशत | १०० | १०० |
| ३. | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको परिवार | प्रतिशत | ० | १० |
| ४. | उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन( | प्रतिशत | - | ५ |
| ५. | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | १०० | १०० |
| ६. | ढल प्रणालीहरू/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार | प्रतिशत | १०० | १०० |

**स्रोत-** गाउँपालिकाको कार्यालय

## लक्ष्य - ७ भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

## उद्देश्य १ गाउँपालिकाका सवै वडामा विद्युतीकरण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. लघु तथा साना जलविद्युत आयोजना सम्वन्धी स्थानीय नीति, कानून र मापदण्ड निर्माण गर्ने । | १. गाउँपालिकाको विद्यमान विद्युतीकरण सम्वन्धी व्यवस्थाको अध्ययन गरी आवश्यकताको आधारमा कानून संसोधन र मापदण्ड तयार गरिनेछ ।<br>२. आधुनिक उर्जामा पहुँच पुगेका र नपुगेका घरधुरीको तथ्याङ्क अद्यावधिक गरिनेछ ।<br>३. गाउँपालिकामा जलश्रोतको उपलब्धता, उर्जाको माग र आपूर्तिको अवस्था, लगानीको संभाव्यता समेत अध्ययन गरी |

| रणनीति | कार्यनीति |
|---|---|
| | साना उर्जा विकास आयोजना सञ्चालन गर्न निजी क्षेत्रलाई लगानीमैत्री वातावरण तयार गरिनेछ । |
| २. नविकरणीय र वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने । | १. जटिल भुगोल र छरिएर रहेका मानव बस्तीमा जलविद्युत उर्जाको वैकल्पिक माध्यम जस्तै सौर्य, वायु, जैविक उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>२. गाउँबासीको आर्थिक अवस्था समेतलाई मध्यनजर गरी वैकल्पिक उर्जा प्रयोगमा सहुलित प्रदान गरिनेछ ।<br>३. समय-समयमा प्राविधिकको परिचालन गरी मर्मत सम्भारको व्यवस्था गरिनेछ ।<br>४. परम्परागत ऊर्जाको प्रयोगबाट उत्पन्न हुनसक्ने श्वासप्रश्वासजन्य रोग कम गर्न विद्युतीय चुलो, यन्त्र उपकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>५. विद्युतीकरणलाई जनस्तरबाट हुने लगानीलाई प्रोत्साहन गरिनेछ । |

**उद्देश्य २- ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्युत क्षमता वृद्धि गर्ने । | १. मागअनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिनेछ ।<br>२. विद्युत प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ । |
| २. विद्युत् उपयोग बढाउने । | १. घरायसी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>२. विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| ३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने । | १. गाउँपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्बन गरिनेछ ।<br>२. उज्यालो गाउँपालिका अभियान अन्तर्गत गाउँपालिकाका सडकहरूमा स्मार्ट लाइट एवं हाई मास्ट बत्ती तथा सार्वजनिक स्थानहरूमा बत्ति जडान गरिनेछ ।<br>३. खाना पकाउने मुख्य इन्धनको रुपमा काठदाउरा प्रयोग गर्ने घरधुरीहरूलाई निश्चित मापदण्डका आधारमा धुवाँ रहित सुधारिएको चुलोमा अनुदान प्रदान गरिनेछ । |
| ३. विद्युत प्राधिकरणसँगको सहकार्यमा विद्युत चुहावट गर्ने, समयमा महसुल नवुझाउने प्रवृतिको नियन्त्रण गर्ने । | 1. अनाधिकृत स्थानबाट विद्युत चुहावट गरी दुरुपयोग गर्ने प्रवृति निराकरण गर्न नियमित अनुगमन गरिनेछ ।<br>२. समयमा महसुल नबुझाउने ग्राहकलाई चेतावनी पश्चात विद्युत कटौती गरिनेछ ।<br>३. आर्थिक विपन्नताको कारण विद्युतको उपयोगवाट वञ्चित हुनुपर्ने अवस्थाको निवारण गर्न मापदण्डमा बमोजिम सहुलियत दरमा विधुत वितरण गरिनेछ ।<br>४. औद्योगिक क्षेत्रमा विद्युतको माग बमोजिम नियमित वितरणको व्यवस्था गरिनेछ । |
| ५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | १. दाउरा र गुइँठाको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउरा र गुइँठाको |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको विभिन्न स्थानमा विद्युतीय सवारी साधन चार्जिङ स्टेशन स्थापना गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ । |

## दिगो विकास लक्ष्य न. ७ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| १. | बत्ती बाल्न विद्युतमा पहुँच भएका घरपरिवारको संख्या ल.वि.दि.प) | प्रतिशत | ११०० | १२५० |
| २. | विद्युत प्रतिव्यक्ती उर्जा उपभोग (अन्तिम) | (गिगाजुल्स) | - | - |
| ३. | विद्युत खपत/उपभोग | प्रतिव्यक्ति कि.वा घण्टा) | २.६ | ३.४ |
| ४. | जलविद्युत जडित क्षमता | मेघावट | ०.६ | १ |
| ५. | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ११५०० | १००० |
| ६. | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | २०० | ५०० |

**स्रोत**- गाउँपालिकाको कार्यालय

## लक्ष्य - ८ स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि र सबैको लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

### उद्देश्य १- श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवा तथ्याङ्क व्यवस्थापन गर्ने । | १. गाउँपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पारिनेछ ।<br>२. गाउँपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ । |
| २. दक्ष र सीपयुक्त मानव संसाधनको विकास गर्ने । | १. हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरूको रुचि अनुसार नियमित सिप विकास रोजगारीमूलक र Motivatonal तालिम सञ्चालन गरिनेछ ।<br>२. युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनीहरूको नेतृत्व तथा उद्यमशिलता विकास तालिम सञ्चालन गरिनेछ ।<br>३. विदेशबाट फर्किएका युवाहरूलाई प्राथमिकतामा राखी रोजगारमूलक प्राविधिक तालिम, प्रशिक्षण प्रदान गरी प्राविधिक उपकरण खरिदमा ऋण तथा अनुदान प्रोत्साहन गरिनेछ ।<br>४. समृद्धिका लागि युवा, युवाका लागि सिप तथा एक घर एक सीपमुलक युवा कार्यक्रम जस्ता कार्यक्रमलाइ सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. समाजमा शान्ति सुव्यवस्था, आपतकालीन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |

**उद्देश्य २ - पर्यटन क्षेत्रलाई आय आर्जनको माध्यम बनाउन आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नति गर्ने। | १. प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरूको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरिनेछ ।<br>२. सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडक विस्तार तथा स्तरोन्नति गरिनेछ।<br>३. पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुलाई टुरिजम सर्किटको रुपमा विकास गरिनेछ । |
| २. पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने। | १. गाउँपालिकास्तरीय एक पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ।<br>२. पर्यटकीय क्षेत्र वरपर इन्टरनेट हटस्पटको प्रबन्ध गरिनेछ।<br>३. गाउँपालिकाको पर्यटन वेबसाइट निर्माण गरिनेछ।<br>४. पर्यटन क्यालेन्डरको विकास गरिनेछ।<br>५. पर्यटन सूचना नक्सा तयार गरिनेछ<br>६. पर्यटन सम्बद्ध पत्रकारहरूसँग पत्रकार सम्मेलन गरिनेछ।<br>७. पर्यटन सम्बद्ध vlogger जस्तै "घुमन्ते" हरूसँग अन्तर्क्रिया गरी प्रवर्द्धन सहयोग लिइनेछ । |
| ३. बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने । | १. गाउँपालिकामा आउने पर्यटकलाई बसोबासको बन्दोवस्ती गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरी होटल, रिसोर्ट खोल्न सम्भाव्यता अध्ययन गरिनेछ।<br>२. ठूला होटल तथा रिसोर्टको तत्काल व्यवस्था गर्न नसक्ने अवस्थामा होमस्टे पर्यटन प्रवर्द्धन गरिनेछ।<br>३. गाउँपालिकास्तरीय आकस्मिक उद्धार संयन्त्रको व्यवस्था गरिनेछ।<br>४. पर्यटकलाई आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध गरिनेछ।<br>५. अन्तराष्ट्रिय पर्यटक आर्कषण गर्न विशेष सम्भाव्यता अध्ययन गरिनेछ । |
| ४. पर्यटन क्षेत्रस्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने | १. स्थानीय उत्पादन जस्तै रैथाने परिकार, चिनो, कोशेली, सांस्कृतिक गतिविधि, मेला सञ्चालन गर्न तालिम तथा अभिमुखीकरण गरिनेछ।<br>२. पर्यटन व्यवसायमा लाग्न इच्छुक युवा तथा लगानीकर्ताको पहिचान गरी अन्तरक्रिया गरिनेछ।<br>३. घरबास पर्यटन तथा अन्य पर्यटन प्रवर्द्धन गर्न पर्यटन व्यवसायीलाई लागत सहभागितामा आतिथ्य सत्कार (Hospitality) तालिम सञ्चालन गरिनेछ।<br>४. समग्र क्षेत्रलाई समेटेर एक पर्यटन विकास गुरुयोजना निर्माण गरिनेछ।<br>५. दिगो पर्यटन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. पर्यटनलाई रोजगार कार्यक्रमहरुसँग समाहित गरी रोजगारी अभिवृद्धि गरिनेछ । |

## उद्देश्य ३ - गाउँपालिकाभित्र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन र नियमनको लागि आवश्यक कानूनको निर्माण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाका कानूनी र नीतिगत व्यवस्थालाई उद्योगमैत्री बनाउने । | १. गाउँपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न प्रकारको उद्योगको तथ्याङ्क संकलन गरिनेछ ।<br>२. स्थानीय कच्चा पदार्थ, श्रम, सीप र जनशक्ति खपत गर्ने लघु, घरेलु र साना उद्योगको सहज दर्ता, नविकरण र खारेजी प्रक्रिया सम्बन्धी विद्यमान कानूनको पुनरावलोकन र नयाँ कानूनको निर्माण गरिनेछ ।<br>३. नवप्रवर्तनकारी र नवउद्यमीलाई उद्योगको लागि आवश्यक जग्गा, कच्चा पदार्थ अन्य औद्योगिक पूर्वाधार निर्माण गरी सहजीकरण गरिनेछ ।गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्योगको अद्यावधिक विवरण तयार गरिनेछ । |

## उद्देश्य ४ - प्राविधिक र व्यवसायिक शिक्षाको प्रयोग मार्फत उद्यमशिलता, दक्षता र श्रमको सम्मान गर्ने संस्कारको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा र तालिममार्फत दक्षता र व्यवसायिकताको प्रवर्द्धन गर्ने र श्रमको सम्मान गर्ने संस्कारको विकास गर्ने । | १. गाउँपालिकाभित्रका प्राविधिक शिक्षालयले औद्योगिक जनशक्ति मागको आधारमा शैक्षिक जनशक्ति उत्पादन गर्ने रणनीति अख्तियार गर्न कार्यक्रमगत समन्वय गरिनेछ ।<br>२. विद्यालय शिक्षा र सीप विकास तालिम केन्द्रको सहकार्यमा, उद्यमशिलता विकास तथा श्रमप्रतिको दृष्टिकोणमा परिवर्तन गर्ने रोजगारमुलक तालिम, कार्यशाला आयोजना गरिनेछ। |

## उद्देश्य ५ - औद्योगिक पूर्वाधारको विकास, बजार संयन्त्रको विस्तार र उपभोक्तामैत्री बजार प्रणालीको स्थापना गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. ग्रामीण औद्योगिकरणको लागि एकीकृत स्थानीय रणनीति तयार गर्ने । | १. संघ र प्रदेश सरकार समेतको समन्वयमा औद्योगिक पूर्वाधारको निर्माण, औद्योगिक वस्तुको माग र आपूर्तिको बिश्लेषण, उपभोक्ता हितको अवस्थाको अध्ययन गरिनेछ ।<br>२. कृषि, उद्योग, पूर्वाधार, श्रम रोजगारीको क्षेत्रको नीति योजना र बजेट निर्माण गर्दा परस्परमा सहयोग र परिपूरकताको सम्बन्ध स्थापित गर्ने नीति सामञ्जस्यता कायम गरिनेछ ।<br>३. महिला, दलित, अन्य लक्षित समुहलाई रोजगारीमा प्राथमिकता दिने उद्योगलाई कर र गैरकर छुटका प्याकेज कार्यान्वयनमा ल्याइनेछ । |

### उद्देश्य ६ - स्थानीय रोजगारी सूचना प्रणालीको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाभित्र बेरोजगारको तथ्याङ्क संकलन गरी रोजगारीका अवसरसँग जोड्ने । | १. गाउँपालिकाभित्र सीपको वर्गीकरण सहित बेरोजगारको तथ्याङ्क संकलन गरिनेछ ।<br>२. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कार्यमा रोजगार सेवा केन्द्रमा सुचीकृत स्थानीय जनशक्तिको प्रयोग गरी रोजगारी सिर्जनालाई प्राथमिकताका दिइनेछ ।<br>३. रोजगारीको अवसरमा महिला, दलित, अल्पसंख्यक, सिमान्तकृत समुदायलाई समन्यायिक अवसर प्रदान गरिनेछ ।<br>४. निजी क्षेत्रलाई समावेशी रोजगार नीति अवलम्बनको लागि नीतिगत निर्देशन प्रदान गरिनेछ ।<br>५. लैङ्गिक आधारमा ज्यालामा हुने विभेदको अन्त्य गर्न नियमित बजार अनुगमन गरिनेछ । |

### दिगो विकास लक्ष्य न. ८ सँग सम्बन्धित परिमाणात्मक लक्ष्य र गन्तव्य

| क्र.स. | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| १. | बेरोजगारी दर | प्रतिशत | ४० | ३० |
| २. | प्रति १० हजार वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा | संख्या | २ | २ |
| ३. | प्रति १० हजार वयस्कहरूमा ए.टि.एम (प.दि.बि.ल) | संख्या | २ | २ |
| ४. | प्रति १० हजार वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा | संख्या | २ | २ |

**स्रोत-** गाउँपालिकाको कार्यालय

### लक्ष्य - ९ समानुकूलित, उत्थानशील पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने ।

### उद्देश्य १- उद्योगका लागि आधारभूत पूर्वाधारको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. लगानी मैत्री वातावरण निर्माण गर्ने। | १. विद्यमान स्थानीय कानुनहरूलाई लगानीमैत्री हुने गरी संशोधन गरिनेछ ।<br>२. उद्योग स्थापनाका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिनेछ।<br>३. महिला र युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न विशेष अनुदान र सहुलियतको प्रबन्ध गरिनेछ।<br>४. ठूलोस्तरको बाह्य लगानी भित्र्याउन सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रका उद्यमीहरूसँग विशेष छुट र सहुलियत बारे अन्तरक्रिया गरिनेछ।<br>५. स्थानीय उद्योग सञ्चालन कार्यविधि तयार गरिनेछ ।<br>६. गैह्रकृषि क्षेत्रको रोजगारी बृद्धि गर्न गैह्रकृषि क्षेत्रका उद्योगहरुको अध्ययन गरिनेछ ।<br>७. व्यवसायिक कृषक र कृषक समुहलाई हाट बजारमा स्टल राख्दा सहुलियत हुने नीतिगत व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. गुणस्तरीय औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने। | १. मुख्य औद्योगिक क्षेत्रसम्मका पहुँच सडकलाई कृषि र पर्यटन सडकसंग एकीकृत गरी स्तरोन्नति गरिनेछ ।<br>२. स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिई कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न सम्भाव्य उद्योगी र कृषकबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।<br>३. उद्योग क्षेत्रहरूमा आवश्यक विद्युतिकरण गरिनेछ ।<br>४. औद्योगिक सुरक्षाका लागि सुरक्षा निकायसँगको सहकार्यमा शान्ति सुरक्षाको प्रबन्ध गरिनेछ ।<br>५. औद्योगिक श्रमिकहरूको उपलब्धताका लागि स्थानीय रोजगार केन्द्रमा श्रम सूचना तथा तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ ।<br>६. गाउँपालिकाभित्रका सवै वडामा बाह्रै महिना सञ्चालन हुने सडक निर्माणका लागि यातायात विकास गुरुयोजना बनाइनेछ ।<br>७. उद्योग तथा व्यवसायिक केन्द्रसम्मको पहुँच मार्ग, कृषि सडक, ग्रामीण सडक, स्थानीय सडकको नियमित मर्मत संभारसंभार र स्तरोन्नति गरिनेछ ।<br>८. विभिन्न स्थानमा रहेका झोलुङ्गे, पक्की र काठका पुलको नियमित संरक्षण र स्तरोन्नति गरिनेछ ।<br>९. गाउँ क्षेत्रमा सिंचाई प्रयोजनको लागि प्रचलनमा रहेका कुलो नहरको उपभोक्ता समुह समेतको संलग्नतामा सरसफाई र मर्मत सम्भार गरिनेछ। |

## उद्देश्य २ - स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योगलाई प्रोत्साहन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने । | १. बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि गाउँपालिकाद्वारा सहयोग प्रदान गरिनेछ । |
| २. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने । | १. कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ ।<br>२. सङ्घीय तथा प्रादेशिक सरकारको सहयोगमा गाउँपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिनेछ।<br>३. स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिनेछ । |

## उद्देश्य ३ - खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने | १. संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. गाउँपालिकाभर रहेका वा हुन सक्ने खानी तथा खनिजको अन्वेषण गर्न खानी तथा भू-गर्भ विभागसंग समन्वय गरी विज्ञसंग परामर्श लिइनेछ । |

## उद्देश्य ४ - उद्यमशीलता, नवप्रर्वतन र स्वरोजगार सिर्जनाको लागि सहजीकरण गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. परम्परागत पेशाको आधुनिकिकरण र व्यवसायिकरण गर्ने । | १. विद्यालय तहदेखि नै विद्यार्थीमा नवप्रवर्तन, खोज अनुसन्धान गर्ने बानीको विकास गर्न उत्प्रेरक वातावरण निर्माण गर्न विद्यालयसंग समन्वय गरिनेछ ।<br>२. गाउँपालिका, निजी क्षेत्र, सामुदायिक संघसंस्था आदिको सहयोगमा परम्परागत पेशा जस्तै कृषि, पशुपालन, सिलाई बुनाई नवीनतम प्रविधिको प्रयोग गरी आधुनिकिकरण र व्यवसायिकरण गर्न प्रेरित गरिनेछ । |

## दिगो विकास लक्ष्य न. ९ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| १. | सडक घनत्व (प्रति हजार जनसंख्यामा लम्बाई) | कि.मि. | १२ | १३ |
| २. | गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | किमि. | - | ३ |
| ३. | गाउँपालिकाको सडकको जम्मा लम्बाई | किमि. | ६५ | ९० |
| ४. | गाउँपालिकाको ग्रावल सडकको जम्मा लम्बाई | किमि. | ३१ | ५० |
| ५. | कृषि सडकको लम्बाई | किमि. | २४ | ३५ |
| ६. | बैङ्कबाट ऋण लिएर व्यवसाय वा उद्योग सञ्चालन गर्ने व्यवसायीको | संख्या | ३ | ५ |

नोटः ** – गाउँ कार्यपालिकाको कार्यालय

## लक्ष्य - १० देशभित्र तथा देशहरूबीचको असमानताको घटाउन ।

## उद्देश्य १ - सामाजिक, साँस्कृतिक, जातियता आदिको आधारमा हुने विभेद र असमानताको अन्त्य गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहिकरण कार्यनीति निर्माण गर्ने । | १. जनगणना २०७८ अनुसार गाउँपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न आदिवासी जनजातिको तथ्याङ्क र सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गरिनेछ ।<br>२. लोपोन्मुख, अल्पसंख्यक, सीमान्तकृत तथा राज्यको मूल प्रवाहिकरणभन्दा बाहिर रहेका व्यक्ति, वर्ग वा समुदायको यर्थाथ स्थितिका बारेमा अध्ययन गरी स्थितिपत्र प्रकाशन गरिनेछ।<br>३. गाउँपालिकाको नीति, कार्यक्रम र बजेट निर्माण प्रक्रियामा पछि परेका समुहको पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्न योजना |

| रणनीति | कार्यनीति |
|---|---|
| | तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन प्रक्रियामा तोकिएको वर्गको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।<br>४. जिविकोपार्जन सुधार, सामुदायिक नेतृत्व विकास, पेशाको व्यवसायीकरण, व्यवस्थापकीय सीपको विकास गर्न बजेट कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>५. अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुहरूको नाममा बैङ्क खाता खोल्न प्रोत्साहन स्वरूप अनुदान दिइनेछ ।<br>६. सरकारी सेवामा प्रवेश गर्न चाहने लक्षित वर्गका आकांक्षीहरूलाई लक्षित गरी विशेष तयारी कक्षाहरू निःशुल्क सञ्चालन गरिनेछ।<br>७. लक्षित वर्गका विद्यालय जाने उमेरका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्न अभिभावक शिक्षा र शैक्षिक सामाग्रीमा अनुदान प्रदान गरिनेछ।<br>८. संविधान अनुसार छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न स्थानीय कानुन निर्माण र न्यायिक समितिलाई सक्रिय तुल्याइनेछ ।<br>९. लक्षित वर्गलाई समेट्ने सिप विकास र व्यावसायिक आयआर्जनका लागि तालिम सञ्चालन गरिनेछ।<br>१०. वर्षमा एक पटक सबै जात, वर्ग, सम्प्रदाय दलित उत्पीडितहरुको सहभागितामा सामाजिक अन्तरघुलन र सद्भाव विकासका लागि चियापान कार्यक्रम आयोजनामा गरिनेछ।<br>११. विपन्न र सीमान्तकृत समुदायले सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसायमा मापदण्डका आधारमा ब्याज अनुदान प्रदान गरिनेछ।<br>१२. दलित महिला सहकारी स्थापनालाई प्रोत्साहन गरिनेछ ।<br>१३. दलित विशेष परम्परागत सीपलाई व्यावसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१४. दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको निर्माण गरिनेछ। |

## उद्देश्य २- स्थानीय तहमा उपलब्ध जमिनको सदुपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| २. गाउँपालिका क्षेत्रभित्र जमिनको वर्गीकरण अनुसार उत्पादन उत्पादकत्व बढाउने नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने । | १. जमिनको वर्गीकरण अनुसार उत्पादन सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. कृषकलाई जलवायु अनुकुलन अनुसारका बीउ, बेर्ना उपलब्ध गराइनेछ ।<br>३. खेतीयोग्य बाँझो जग्गामा सामुहिक/करार खेती गर्न प्रोत्साहित गरिनेछ ।<br>४. भूमिहीन वर्गको जमिनमाथिको पहुँच सुनिश्चित गर्न हाल सरकारले कार्यान्वयनमा ल्याएको सुकुम्बासी, भूमीहिन जनतालाई जग्गा प्राप्ति सम्बन्धी कार्यक्रमको प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. बैंक, वित्तीय संस्था, लघुवित्त, सहकारीमार्फत् रोजगारी सिर्जना र उत्पादनमुलक क्षेत्रमा ऋण परिचालन भए नभएको अनुगमन गरिनेछ। |

## उद्देश्य ३- संस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सांस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण । | १. गाउँपालिकास्तरीय एक सांस्कृतिक केन्द्रको स्थापना गरिनेछ।<br>२. सांस्कृतिक केन्द्रलाई चलायमान बनाउन नाटक, नृत्य, सांगितिक कार्यक्रम, साहित्यिक कार्यक्रम, चित्रकला प्रर्दशनीहरूको सांस्कृतिक पात्रो बमोजिम आयोजना गरिनेछ।<br>३. हरेक वर्षमा एक पटक सांस्कृतिक पर्व (Cultural Festival) को आयोजना गरिनेछ।<br>४. गाउँपालिकास्तरीय एक कला संग्रहालयको निर्माण गरिनेछ।<br>५. भाषा, कला तथा साहित्यमा अभिरुची हुनेहरूको संलग्नतामा एक गाउँपालिकास्तरीय बौद्धिक समाज निर्माण गर्न अन्तरक्रिया संचालन गरिनेछ । |
| २. कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने । | १. अल्पसंख्यक, दलित, आदिवासी, तथा जनजातिका मौलिक पहिचान, रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ ।<br>२. कला, साहित्य, भाषा तथा संस्कृति क्षेत्रको विकासका लागि सर्जकहरूको उपस्थितिमा विशेष अन्तरक्रिया गरिनेछ।<br>३. संस्कृति, भाषा, साहित्य सर्जकहरूलाई सहयोग र प्रोत्साहन तथा पुरस्कृत गर्न गाउँपालिकास्तरीय एक सांस्कृतिक कोषको निर्माण गरिनेछ।<br>४. विभिन्न राष्ट्रिय तथा गाउँपालिकास्तरीय कार्यक्रममा सर्जक तथा कलाकारहरूलाई सम्मान र पुरस्कृत गरिनेछ।<br>५. हरेक विद्यालयमा अतिरिक्त कृयाकलापहरूमा यी विषय समावेश गरी नियमित अभ्यास र पठनपाठन गर्न आंशिक शिक्षकको प्रवन्ध गरिनेछ। |

## दिगो विकास लक्ष्य न. १० सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/८८ |
|---|---|---|---|---|
| 1 | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत | प्रतिशत | - | २ |
| 2 | कुल जनसंख्याको प्रतिव्यक्ति आयमा वृद्धिदर | प्रतिशत | - | २ |

**स्रोत**- गाउँपालिकाको कार्यालय

## लक्ष्य - ११ शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने।

### उद्देश्य १- न्यूनतम सुविधा सम्पन्न सुरक्षित र एकीकृत आवास विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. छरिएर रहेका तथा विपद्को जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने । | १. विपद्को जोखिममा रहेका बस्तीहरू पहिचान तथा नक्साङ्कन गरिनेछ ।<br>२. एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरू पहिचान गरी आवास क्षेत्र विकास गरिनेछ ।<br>३. छरिएर रहेका तथा विपद्को जोखिममा परेका घरपरिवारका लागि सुरक्षित, व्यवस्थित, आधारभूत सुविधायुक्त तथा वातावरणमैत्री एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>४. सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी नीति बनाइनेछ ।<br>५. एकिकृत शहरी विकास गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. अव्यविस्थत बसोबास कायर्लाई नियन्त्रण गर्न भू–उपयोग नीति तथा मापदण्ड तयार गरी कार्यन्वयनमा ल्याइनेछ । |

### उद्देश्य २- गाउँपालिकाभित्र सुरक्षित आवास तथा भवनहरू निर्माणलाई प्रोत्साहन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. एकीकृत सेवा प्रदायक भवन निर्माण गर्ने । | १. सरकारी भवनहरू निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकै डिजाइनका भवन निर्माण गरी एकीकृत सेवा प्रदान गरिनेछ ।<br>२. सरकारी तथा सार्वजनिक भवनहरू बालबालिका, वृद्धवृद्धा, अपाङ्गमैत्री बनाइने छ ।<br>३. दलित, सीमान्तकृत तथा अति विपन्न समुदायका लागि आवासको व्यवस्था गरिनेछ । |
| २. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने । | १. आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिनेछ।<br>२. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरूका लागि नियमित तालिम संचालन गरिनेछ।<br>३. स्थानीय मौलिकताको जर्गेना गर्ने वास्तुकला तथा सौन्दर्य कायम हुने संरचना निर्माणमा गाउँपालिकाले प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।<br>४. समयानुकुल भूकम्प प्रतिरोधी भवन निर्माण नीति अवलम्बन गरिनेछ । |

### उद्देश्य ३- गुणस्तरीय यातायात पूर्वाधारको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने । | १. सम्पूर्ण वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा कालोपत्रे गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. निर्माणाधिन सडकको यथाशीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।<br>३. सडक विस्तार सँगसँगै बसपार्क तथा बस टर्मिनल निर्माण गरिनेछ।<br>४. पर्यटकीय सडक निर्माण गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ । |
| २. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने । | १. यातायात व्यवसायी तथा सरोकारवालासँग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिनेछ ।<br>२. रूटमा चल्ने सवारी साधनहरूको संख्या र प्रकार (जस्तै बस, मिनिबस, जिप, माइक्रोबस आदि) आवश्यकता अनुसार तय गरिनेछ ।<br>३. आवश्यकता अनुसार बस बिसौनी, सार्वजनिक शौचालय, प्रतीक्षालयहरू निर्माण गरिनेछ ।<br>४. गाउँपालिकाका सघन यातायात सञ्चालन हुने मुख्य रूटहरूमा आवश्यकताको आधारमा ट्राफिक युनिट स्थापना गरिनेछ। |
| ३. विद्यमान यातयात पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने । | १. मुख्य राजमार्ग र गाउँका प्रमुख सडकहरुमा विद्युतिकरण, सौन्दर्यकरण, सिसि क्यामरा जडान गरिनेछ ।<br>२. मुख्य सहरी क्षेत्रमा ढल, विद्युत, दुरसञ्चारको कार्य सम्पन्न पश्चात मात्र सडक कालोपत्रे गरिनेछ ।<br>३. नियमित मर्मत सम्भार कामका लागि Rapid Response Team तयार गरिनेछ ।<br>४. सडक अधिकार क्षेत्र ... मि. कायम गरी सडक संकेत, हरियाली प्रवर्द्धन, पैदलयात्री, साइकल लगायतका आधारभूत र न्युनतम मापदण्डको कार्यान्वयन क्रमश: गरिनेछ ।<br>५. गाउँपालिकाभर अति आवश्यक स्थानहरूमा पुल निर्माणका लागि अध्ययन गरिनेछ ।<br>६. उच्च प्राथमिकता प्राप्त पुलहरूको डिपिआर सम्पन्न गरी निर्माणका लागि सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय गरिनेछ । |
| दिगो तथा वातावरणमैत्री प्रविधिमा जोड दिने । | १. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकिकरणमा जोड दिइनेछ ।<br>२. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गरिनेछ ।<br>३. विद्युतीय सवारी साधन संचालन लागि विभिन्न स्थनमा चार्जिङ स्टेशन निर्माण गरिनेछ ।<br>४. गाउँपालिकाका विभिन्न स्थानमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी सडक निर्माण गर्न सकिने सम्भावनाको अध्ययन गरिनेछ ।<br>५. सवारी साधनमा GPS प्रविधि जडान गरिनेछ । |

## उद्देश्य ४- स्थानीय मौलिकताको संरक्षण र प्रवर्द्धन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने। | १. स्थानीय संग्रहालय, अभिलेखालय, पुरातात्विक स्थलको संरक्षणको लागि बजेट विनियोजन गरिनेछ ।<br>२. गाउँपालिकामा प्रचलनमा रहेका सबैप्रकारका अमूर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritage) को वस्तुगत तथा विस्तृत पाश्र्वचित्र तथा सम्पदा संरक्षण गुरुयोजना तयार पारिने छ ।<br>३. लोपोन्मुख अर्मुत सांस्कितिक संम्पदाहरूलाई संस्थागत स्मरणमा (Institutional Memory) राख्न कला संस्कृति तथा साहित्यप्रेमी कलाकारहरूको सहयोगमा रेर्कड गरिनेछ । जस्तै लोक गीत, लोक कथा, लोक गाथा आदि ।<br>४. बौद्धिक सम्पदा (Intlleectural Property) को विवरण प्रकाशन गरिनेछ।<br>५. यस प्रकारका सांस्कृतिक तथा बौद्धिक सम्पदाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ।<br>६. गाउँपालिकाको मौलिकता दर्शाउने सम्पदा समेटेर वृत्तचित्रहरु निर्माण गरिनेछ।<br>७. गाउँपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमा योगदान पुर्‍याउने लेखक, गायक, अभिनेता, संगीतकार, रंगकर्मी, नृत्याङ्गना, साहित्यकार साँस्कृतिविद लगायतका कलाकारको विस्तृत विवरण तयार पारिने छ । |
| भाषा, संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने । | १. वर्षभरी निरन्तर सांस्कृतिक र साहित्यिक गतिविधि सञ्चालन र त्यसको निरन्तरताका लागि वार्षिक भाषा, कला, साहित्य तथा संस्कृति पात्रो निर्माण गरी लागू गरिनेछ।<br>२. राष्ट्रिय र प्रादेशिक तहका प्रतियोगितामा भाग लिने कलाकार साहित्यकार आदिको प्रशिक्षण तथा तयारीका लागि एक प्रोत्साहन कोषको निर्माण गरिनेछ।<br>३. वडा स्तरीय सांस्कृतिक समितिहरू गठन गरी वार्षिक सांस्कृतिक पात्रो कार्यान्वयनमा ल्याउन सांस्कृतिक अभ्यासहरू सञ्चालन गरिनेछ।<br>४. हरेक विशेष चाडपर्व मेला र सांस्कृतिक उत्सवलाई भव्य बनाउन सांस्कृतिक समितिहरूलाई जिम्मेवारी प्रदान गरी सो सञ्चालनका लागि बजेटको व्यवस्था गरिनेछ।<br>५. सांस्कृतिक गतिविधिहरू पर्यटनसंग आबद्ध गर्न व्यापक प्रचार प्रसार गरिनेछ।<br>६. लोपोन्मुख सांस्कृतिक गाथाहरू संरक्षण गर्न विशेष समारोह आयोजना गरिनेछ। |

## दिगो विकास लक्ष्य न. ११ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| १ | विपद्को कारण ज्यान गुमाउनेको संख्या | संख्या | - | - |
| २ | विपद्को कारण घाइते हुनेको संख्या | संख्या | - | - |

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| ३ | अवैध जमिनमा वसोवास गर्ने जनसंख्या | संख्या | १५ | - |
| ४ | खर पराल तथा पातले छाएको जमिनमा वसोवास गर्ने परिवार संख्या | प्रतिशत | - | - |
| ५ | सुरक्षित घरहरुमा बसोवास गर्ने परिवार संख्या | प्रतिशत | ९० | १०० |
| ६ | औसत परिवार संख्या | प्रतिशत | ४ | ३ |
| ७ | प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षणका निम्ति विनियोजित बजेट | प्रतिशत | ४ | ५ |
| ८ | विपद्को कारणबाट भएका मृत्यु | संख्या | - | - |
| ९ | विपद्को कारणबाट चोटपटक लागेका वा घाइते भएका | संख्या | - | - |

**स्रोत-** गाउँपालिकाको कार्यालय

## लक्ष्य नं १२- दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

### उद्देश्य नं १- गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोतको दिगो संरक्षण र उपभोग गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. वनपैदावरको वैज्ञानिक उत्पादन, उपभोग र व्यवस्थापन गर्ने । | १. सार्वजनिक, सामुदायिक, निजी जङ्गलमा खेर गइरहेको ढलापडा र पुराना रूख विरूवा र काठको समुचित प्रयोग सहजीकरण गरिनेछ ।<br>२. परम्परागत दाउरा, गुइँठाको प्रयोगले हुन सक्ने श्वासप्रश्वासजन्य रोग कम गर्न विद्युतीय चुल्हो र उपकरणको खपत बढाउन प्रोत्साहन गरिनेछ ।<br>३. वन उपभोक्ता समितिका सदस्यहरुलाई वनपरिसरमा जडिबुटीको व्यावसायिक उत्पादन, विक्री वितरण गरी आयआर्जन वृद्धि गर्न तालिम अभिमुखिकरण, जडिबुटीको बिउ तथा बेर्ना वितरण गरिनेछ । |
| २. पर्यावरणमैत्री पर्यटकिय पूर्वाधार निर्माण गर्ने । | १. गाउँपालिकाभित्र पर्यटकिय गन्तव्य, पदमार्ग, विश्रामस्थल निर्माण गर्दा सभव भएसम्म निर्माणका आधुनिक सामाग्री सिमेन्ट, छडको प्रयोगलाई निरुत्साहन र उपलब्ध भएसम्म स्थानीय कच्चा पदार्थ र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>२. स्थानीय उत्पादनको प्रयोग गरी परिकारमा विविधिता ल्याउन होटल तथा पर्यटन व्यावसायीसँग समन्वय गरी इच्छुक व्यक्तिलाई तालिम प्रदान गरिनेछ ।<br>३. ग्रामिण पर्यटनको महत्वबारे प्रचार प्रसार गरिनेछ । |
| ३. भू-तथा जलस्रोत संरक्षण जैविक इन्जिनियरिङको प्रयोग गरी सडक निर्माण, जमिनको सिंचित हुने क्षमताको संरक्षण गर्ने । | १. जलस्रोतको मुहान र जलाधार क्षेत्रमा मानवीय तथा अन्य क्षेत्रबाट उत्पादित फोहोरमैला मिसाउने वा फाल्नेलाई आर्थिक जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ ।<br>२. गाउँपालिका क्षेत्रबाट उत्पादित फोहोरको वर्गीकरण, रिसाइकल र पुनर्प्रयोग गर्न निजी क्षेत्र र सरोकारवालासँग साझेदारी गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. सम्भावित भूक्षय, भू स्खलन, बाढिपहिरो लगायतका क्षेत्रमा हरित क्षेत्र प्रवर्द्धन कार्यक्रम अन्तर्गत उच्च आय हुने बोटविरुवा वृक्षारोपण गरिनेछ।<br>४. जमिनको सिंचित हुने क्षमता कायम राख्न सकेसम्म स्थानीय कच्चा पदार्थको प्रयोग गरी ग्रामिण सडक, कृषि सडक, कुलो, नहर बनाउने नीति अवलम्बन गरिनेछ ।<br>५. सार्वजनिक स्थलमा कृत्रिम कुवा, पोखरी, चरिचरण क्षेत्रमा साना दह निर्माण गरी जमिनमुनिको पानीको सतह सन्तुलित राख्ने विषयमा जनचेतना विस्तार गरिनेछ ।<br>६. प्राकृतिक स्रोतको दोहनकारी प्रयोगलाई निरूत्साहन गर्न संचारका माध्यमबाट प्रचार प्रसार गरिनेछ । |

## उद्देश्य नं २ - स्थानीयस्तरमा उत्पादित वस्तु र सेवाको उपभोगलाई प्रोत्साहन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय स्तरमा उत्पादित वस्तु र सेवाको बजारीकरण गरी आन्तरिक खपत बढाउने। | १. स्थानीय स्तरमा उत्पादित खाद्यान्न, लताकपडा र औद्योगिक वस्तुलाई प्रतिस्पर्धात्मक मूल्यमा बजारमा उपलब्ध गराउन उत्पादक समुहलाई आवश्यक आर्थिक, प्राविधिक, प्रशासनिक सहजिकरण गरिनेछ ।<br>२. बजार र उपभोक्ताको माग अनुसारको वस्तु तथा सेवाको उत्पादन गर्न पेशाको आधुनिकिकरण, प्रविधिको प्रयोग, लेबलिङ्ग, ब्राण्डिङ, गुणस्तर प्रमाणीकरणजस्ता व्यवसायिकता विकास गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ ।<br>३. उपभोक्तालाई स्थानीय उत्पादनमा लगानी र उपभोग गर्न सचेत बनाइनेछ । |

## दिगो विकास लक्ष्य न. १२ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| 1. | कुल उर्जाको खपत मध्ये जिवाश्म इन्धन उर्जाको खपत | प्रतिशत | १ | ३ |
| 2. | प्रति व्यक्ति काठको प्रयोग | क्यूविक मिटर | ३ | १ |

**स्रोत-** गाउँपालिकाको कार्यालय

## लक्ष्य -१३ जलवायु परिवर्तन र यसको प्रभाव कम गर्न तत्काल पहल थाल्ने ।

## उद्देश्य १ विपद जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलन सम्वन्धी कानूनी व्यवस्था गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद व्यवस्थापन सम्वन्धी नीति, कानून, कार्यक्रम र बजेटको व्यवस्थापन र कार्यान्वयन गर्ने । | १. विपद व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून मापदण्डको अवस्था पुनरावलोकन गरी संसोधन र पुनर्निर्माण गरिनेछ ।<br>२. सरकारी र गैरसरकारी निकायवाट सञ्चालित कार्यक्रमको अभिन्न अंगको रुपमा विपद् व्यवस्थापनलाई अनिवार्य कार्यान्वयनमा ल्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. विपद्को नक्साङ्कन गरी तहगत सरकार र सरोकारवाला निकायबीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य मार्फत जोखिम न्युनिकरण उद्धार र पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गरिनेछ । <br> ४. विपद् व्यवस्थापन कोषको प्रभावकारी र पारदर्शी प्रयोग गरिनेछ । |
| २. वातावरण संरक्षण र जलवायु अनुकुलनमैत्री स्थानीय नीति, कानून र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने । | १. जलवायु अनुकुलनअनुसारका बालीनाली, वृक्षारोपण, उपभोगशैली, आवासको निर्माण जस्ता विषयमा वातावरण संरक्षणको क्षेत्रमा कार्यरत सबै संघसंस्थाको सहयोगमा सचेतनामुलक कार्यक्रम गरिनेछ । <br> २. गाउँपालिकामा विद्यमान जैविक विविधताको प्रोफाइल तयार गरी संरक्षणका कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। |

## उद्देश्य २- विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने । | १. गाउँपालिकाका उच्च जोखिमयुक्त क्षेत्रहरूको नक्साङ्कन गरी जोखिमको सांकेतिकरण गरिनेछ । <br> २. जोखिममुक्त बस्तीको पहिचान तथा स्थानान्तरणका लागि स्थानीयबासी र अन्य सम्बद्ध निकायसंग सहकार्य गरिनेछ। |
| २. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | १. वर्षा, बाढी, मौसम लगायतको पूर्वानुमान तथा जोखिमको पूर्व सूचना प्रणाली स्थापना गरी SMS, सञ्चारको माध्यम, सामाजिक सञ्जाल आदिको माध्यमवाट जानकारी गराइनेछ। <br> २. नियमित रुपमा भइरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिनेछ । |
| ३. विपद् पुनर्लाभ र प्रतिकार्य सम्बन्धी पूर्वतयारी गर्ने । | १. स्थानीय स्तरमा पूर्वतयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, आधारभूत औषधी र दैनिक उपभोग्य सामाग्रीको सुरक्षित भण्डारण गरिनेछ । <br> २. विपद्का समयमा भेला हुने खुल्ला स्थानहरू तय गरी पूर्वाधार निर्माण गरिनेछ । <br> ३. स्वास्थ्यकर्मीहरू सम्मिलित गाउँपालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिनेछ । <br> ४. सुरक्षाकर्मी र नागरिक समाज समेतको सहभागितामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू संचालन गरिनेछ । <br> ५. विपद् पश्चात उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका कार्यलाई एकद्धार प्रणाली मार्फत पारदर्शी तवरबाट कार्यान्वयनमा ल्याइनेछ । <br> ६. विपद् पश्चात जनजिविका सामान्य बनाउन आर्थिक तथा सामाजिक पुनर्लाभका कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४. विपद् सम्बन्धी सूचना तथा तथ्याङ्क र गुनासो व्यवस्था गर्ने । | १. विपद्को घटनाको निरन्तर अद्यावधिक तथ्याङ्क व्यवस्थापन गरिनेछ । <br> २. सूचना र तथ्याङ्कको सत्य तथ्य एकिन गरेर मात्र प्रकाशन सञ्चारकर्मीलाई अभिमुखिकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. विपद्को समय र विपद्पश्चात पिडित र प्रभावितको गुनासो सुनुवाइको उचित संयन्त्र निर्माण गरिनेछ । |
| ५. जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । | १. विपद् जोखिम न्युनीकरण गर्न समुदाय र जनसहभागितामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. जनसहभागितामा आधारित वातावरणीय संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । जस्तैः सार्वजनिक पार्क, व्यायाम वा विश्रामस्थल निर्माण, डुबानग्रस्त र नदी कटान हुने क्षेत्रमा वैकल्पिक नगदे खेतीको कार्यक्रम लागु गरिनेछ। |

## उद्देश्य ३- विपद्को व्यवस्थापनसम्बन्धी क्षमता विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलवायु परिवर्तन सम्बन्धी संस्थागत र मानवीय क्षमता विकास गर्ने । | १. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन, विज्ञसँग परामर्शबाट नीतिगत व्यवस्था गरिनेछ।<br>२. जलवायु परिर्वतन, विपद जोखिम न्युनीकरण, प्रतिकार्य लगायतका नीति, कार्यक्रम तर्जुमा सम्बन्धी क्षमता विकासका लागि तालिम, कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ।<br>३. जलवायु परिवर्तनबाट प्रभावित महिला, बालबालिका, अल्पसङख्यक आदिको आवश्यकता सम्बोधन हुने, जिविकोपार्जन सुधार गर्ने कार्यक्रम तर्जुमा गरिनेछ ।<br>४. जनसहभागितामा आधारित वातावरणीय संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । जस्तैः सार्वजनिक पार्क, व्यायाम वा विश्रामस्थल निर्माण, डुबानग्रस्त र नदी कटान हुने क्षेत्रमा वैकल्पिक नगदे खेतीको कार्यक्रम लागु गरिनेछ।<br>५. भविष्यमा हुनसक्ने विपद् न्युनीकरण गर्न विकास निर्माणका कार्य सञ्चालन गर्दा तोकिएको मापदण्ड पालना भए नभएको अनुगमन गरिनेछ ।<br>६. पूर्वाधार निर्माणवाट जलवायु परिवर्तन, वातावरणीय प्रदुषण, जैविक विविधताको ह्रास/हानी नोक्सानी सम्बन्धी प्रभाव मुल्याङ्कन गरिनेछ । |

## दिगो विकास लक्ष्य न. १३ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८१/०८२ |
|---|---|---|---|---|
| १. | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या | संख्या | - | ५ |
| २. | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | - | २ |
| ३. | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या | प्रतिशत | - | १ |
| ४. | जलवायुका दृष्टिकोणले व्यवस्थीत वस्ती तथा गाउँहरुको | संख्या | - | - |

**स्रोत-** गाउँपालिकाको कार्यालय

**लक्ष्य - १५ स्थानीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।**

**उद्देश्य- १ वन, वातावरण, वन्यजन्तु र जैविक विविधताको संरक्षण सम्बन्धी कानुनी व्यवस्था गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वनक्षेत्र, वन्यजन्तु र जैविक उपलब्धताको तथ्याङ्कीय अभिलेख तयार गरी संरक्षणको लागि स्थानीय नीति, कानून, कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने । | १. गाउँपालिका अन्तर्गत सामुदायिक, सरकारी, निजी वन, निकुञ्ज, संरक्षण क्षेत्रको लगत तयार गरिनेछ ।<br>२. गाउँपालिका क्षेत्रमा उपलब्ध बहुमुल्य, लोपोन्मुख औषधीजन्य महत्वका जडिबुटीको प्रयोग, निकासा र बिक्री वितरण सम्बन्धी कानून निर्माण गरिनेछ ।<br>३. वन, वन्यजन्तु, जैविक विविधता, जलाधार संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. उपभोक्ता समितिको क्षमता विकास गरी वन तथा वातावरण संरक्षण सम्बन्धमा थप जिम्मेवार बनाइनेछ । |

**उद्देश्य- २ वन तथा वातावरण संरक्षण र जिविकोपार्जन कार्यक्रमबीच परिपूरक सम्बन्ध स्थापित गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १. आम उपभोक्तालाई वातावरण संरक्षणको महत्वबारे सचेत बनाउने । | ✓ मानिस र वन्यजन्तुको द्वन्द्व समाधान गर्न वनजंगल संरक्षण र सम्बर्द्धनका कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।जस्तैः वनजङ्गलमा फलफुल वृक्षारोपण, निजी जग्गामा जनावरले क्षति नगर्ने फलफुल, बालीनाली लगाउन वन उपभोक्ता समिति र कृषकलाई उत्प्रेरित गरिनेछ ।<br>✓ वनको संरक्षणसंगै वनपैदावारको व्यवसायिक उत्पादन, बजारीकरण, बेचबिखन गरी आयआर्जन गर्न उपभोक्ता समितिको क्षमता विकास गरिनेछ ।<br>✓ वनजङ्गल, जलाधार क्षेत्रमा निर्भर आदिवासी, अल्पसङ्ख्यक र लोपोन्मुख जातिको आर्थिक स्तरोन्नतिको लागि सीप विकास, प्राविधिक हस्तान्तरण र बिउ पूँजी वितरण कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।<br>✓ माछा मारी जिविकोपार्जन गर्ने समुदलाई व्यवसायिक माछापालन गर्न प्राविधिक सीप, जडिबुटी खेती गर्न बेर्ना प्रदान गर्ने।<br>✓ घाँस उत्पादनका लागि वन डढेलो लगाउने, चोरी शिकार गरी निषेधित वन्यजन्तुको बेचविखन गर्ने विरुद्ध कडा कानूनी कारबाही गरिनेछ ।<br>✓ ढलापडा र प्राविधिक परिक्षणबाट कटनी छटनी बाहेकका रुखविरुवाको कटान गरी काठ तस्करी गर्ने विरुद्ध कारबाहीलाई गरी कानूनको शासनको स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ✓ स्थानीयस्तरमा उपलब्ध जडीबुटी तथा अन्य वन पैदावरको व्यवसायिक उत्पादन, संकलन, भण्डारण र निकासी गर्न संघीय र प्रादेशिक सरकारसंग समन्वय, सञ्चार र सहकार्य गरिनेछ।<br>✓ डिभिजन वन कार्यालय, नीजि तथा सरकारी वन, विरुवा उत्पादन र वितरण केन्द्रबीच समन्वय गरी गाउँपालिकाको हावापानी, बजारको माग र आपूर्ति अवस्थानुसारको बेर्ना उत्पादन, वितरण र हुर्काउने विधि, प्रविधिको हस्तान्तरण र आदान प्रदानका समन्वयात्मक कार्यक्रम आयोजना गरिनेछ ।<br>✓ वन तथा भू–संरक्षणका हरेक कार्यक्रमहरूमा जनसहभागिता सुनिश्चित गरिनेछ । |

## उदेश्य: ३ जलउत्पन्न प्रकोप नियन्त्रण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलउत्पन्न प्रकोपको नियन्त्रको लागि वृक्षारोपण, भू-संरक्षण कार्यक्रम कार्यान्वयन गर्ने । | १. स्थानीयस्तरमा नदी किनारा, नदी उकास क्षेत्र, नहर तथा सडक किनारामा बाँध निर्माण तथा वृक्षारोपण गरिनेछ ।<br>२. सार्वजनिक तथा निजी खाली जग्गामा उच्च मूल्यका वनपैदावार लगाई वातावरण संरक्षण र आयआर्जनका कार्य गर्न जनचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।<br>३. परम्परागत खेती प्रणालीमा सुधार र प्रविधिको प्रयोग गरी भू-क्षय नियन्त्रण गर्न कृषक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. नदी कटान, डुबानबाट हुनसक्ने संभावित क्षतिको आंकलन गरी पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गरिनेछ ।<br>५. जलाधार र जलाशयमा हुने जैविक विविधताको संरक्षण गर्न मिचाहा प्रजातिको नियन्त्रण गरी रैथाने बन्यजन्तु र बोटविरुवाको संरक्षण कार्ययोजना बनाइनेछ । |
| २. पहिरो र कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुसरण गर्दै कटान नियन्त्रण गर्ने | १. पहिरो र कटानग्रस्त क्षेत्रमा हरित क्षेत्र प्रवर्द्धन कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>२. पहिरो र कटानग्रस्त क्षेत्रहरूमा बायो इञ्जिनियरिङ प्रविधिको प्रयोग गरी नियन्त्रण गर्न विज्ञहरूको परामर्श लिनुका साथै त्यस्ता क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमण गरिनेछ ।<br>३. भू-संरक्षण तथा कटान नियन्त्रणका लागि आवश्यक जनशक्तिको प्रबन्ध गर्न, तारजालीको उत्पादन गर्न निजी क्षेत्रसँग समन्वय गरिनेछ ।<br>४. गाउँपालिकाको नदीमा नयाँ स्पर निर्माण, स्पर मर्मत, तटबन्धन र खोलानालाहरुमा तटबन्ध गरिनेछ । |

## उद्देश्य- ४ पर्यावरण संरक्षणको लागि एकीकृत पहल गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| २. पर्यावरण संरक्षणको लागि सबै सरोकारवाला पक्षलाई परिचालन गर्ने । | 1. वातावरण संरक्षणका क्षेत्रमा कार्यरत संघसंस्था, क्लब, समुह लगायतको संलग्नतामा समावेशी वडास्तरीय वन तथा वातावरण संरक्षण समित गठन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. समितीले औधोगिक क्षेत्रबाट हुने प्रदुषण र फोहोरमैला व्यवस्थापनको अध्ययन अवलोकन गरी समस्या समाधानका उपाय सुझाउनेछ ।<br>३. परम्परागत खेती प्रणालीमा सुधार, विउ विजनको संरक्षण, जैविक किटनाशकको प्रयोग, खाद्यान्न भण्डारण प्रणालीमा सुधारका लागि किसान र उपभोक्ता केन्द्रित अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. व्यक्ति, परिवार, समुदाय सबैमा जलाधार, सिमसार र संरक्षित क्षेत्रको महत्व र संरक्षणको तौरतरिका बारे जनचेतना विस्तार गरिनेछ ।<br>५. निजी, सामुदायिक र सार्वजनिक वनमा रुख कटान पश्चात सो ठाउँमा कटान भएकै संख्यामा वृक्षारोपण गर्न लगाई "कटान पश्चात पुनः हरियो" कार्यक्रम संचालनमा ल्याई अनिवार्य वृक्षारोपण गरिनेछ ।<br>६. सर्वोत्कृष्ट वन उपभोक्ता समूहलाई मापदण्डका आधारमा वार्षिक रुपमा पुरस्कृत गरिनेछ । |

## दिगो विकास लक्ष्य न. १५ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८१/०८२ |
|---|---|---|---|---|
| १. | वनले ओगटेको कुल क्षेत्र | प्रतिशत | ७० | ७५ |
| २. | सामुदायिक वनले ओगटेको क्षेत्र | प्रतिशत | ४० | ५० |
| ३. | संरक्षित वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | - | - |
| ४. | वृक्षारोपण गरिएको क्षेत्र | वर्ग किमि | ३ | ५ |
| ५. | संकटापन्न घोषणा भएका वनस्पतिको | संख्या | १५ | १५ |
| ६. | संकटापन्न घोषणा भएका वन्यजन्तुको | संख्या | ५ | - |
| ७. | सामुदायिक वनभित्र निर्मित पोखरी | संख्या | १ | १ |
| ८. | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू–संरक्षण गरिएका स्थानहरूको | संख्या | - | ३ |
| ९. | समुदायको अगुवाईमा परिचालित चोरी शिकारी नियन्त्रण एकाइहरु | संख्या | - | - |

**स्रोत-** गाउँपालिकाको कार्यालय

## लक्ष्य - १६ दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।

### उद्देश्य १ गाउँपालिकाबाट प्रवाह हुने सेवा व्यवस्थापनको लागि संस्थागत क्षमता विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. संविधान र प्रचलित कानूनले तोकेको जिम्मेवारी पूरा गर्न संस्थागत, मानवीय र प्राविधिक क्षमता विकास गर्ने । | १. गाउँपालिकाले प्रवाह गर्नुपर्ने आधारभूत र विकासात्मक कार्यको नक्साङ्कन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।<br>२. दरबन्दी संख्या र पदपूर्तिको अध्यावधिक विवरण तयार गरी प्रदेश लोकसेवा आयोगसंग पदपूर्तिको लागि अनुरोध गरिनेछ ।<br>३. विभिन्न सेवा, समूहबाट समायोजन भएका कर्मचारीको आवश्यकतामा आधारित लामो तथा छोटा अवधिका क्षमता विकासका कार्यक्रममा सहभागी गराइ कार्यसम्पादस्तरमा सुधार गरिनेछ ।<br>४. सेवाप्रवाहलाई छिटो, छरितो, लागत प्रभावी बनाउनका लागि कार्यालयको संरचनालाई सेवाग्राही र प्रविधिमैत्री बनाइनेछ ।<br>५. स्पष्ट काम, कर्तव्य, अधिकार र कार्यजिम्मेवारी किटान सहित कार्यविवरण प्रदान गरिनेछ ।<br>नागरिक सन्तुष्टि सर्वेक्षणको आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्मान गरिनेछ ।<br>६. कार्यविवरण र सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । सेवाप्रवाह, प्रशासनिक र आर्थिक सुशासनमा अब्बल कर्मचारीलाई सम्मान र कदर गरिनेछ । |

### उद्देश्य २ - गाउँपालिकाको योजना प्राणालीलाई माग र प्रमाणमा आधारित बनाउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रमाणमा आधारित योजना तर्जुमा प्रणाली र नतिजामा आधारित अनुगमन मूल्याङ्कनलाई संस्थागत गर्ने । | १. आवधिक योजना, रणनीति, MTEF, परियोजना बैंङक आदि निर्माणका लागि आधारभूत तथ्याङ्क उपलब्ध रहे/नरहेको यकिन गरिनेछ ।<br>२. संघीय र प्रादेशिक सरकार र गाउँ कार्यपालिकाका विषयगत शाखा, वडा कार्यालयसँगको समन्वयमा तथ्याङ्कको प्राप्ति गरी योजना तर्जुमा गरिनेछ ।<br>३. सहभागितामुलक निर्णय र योजना तर्जुमामा लक्षित समूहको पहुँच र अर्थपुर्ण उपस्थितिका लागि योजना तर्जुमाका सबै चरणको अनिवार्य पालना गरिनेछ ।<br>४. वडास्तरीय अनुगमन समिति र उपाध्यक्षको नेतृत्वको अनुगमन समितिका सदस्यलाई अनुगमनका सैद्धान्तिक र व्यवहारिक पक्षको बारेमा जानकारी गराउन विभिन्न क्षेत्रका विज्ञलाई आमन्त्रण गरी परम्परागत अनुगमन प्रणालीमा सुधार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. अनुगमनका सुझाव र पृष्ठपोषणलाई संस्थागत रुपमा अभिलेखिकरण गरिनेछ भने सुझावको अनिवार्य कार्यान्वयन गरे/नगरेको प्रतिवेदन पेश गर्न आयोजना प्रमुखलाई जिम्मेवार बनाइनेछ। |

## उद्देश्य ३ - स्थानीय तहको कानून निर्माण, न्यायिक सम्पादन, निर्णय कार्यान्वयनको क्षमता अभिवृद्धि गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. न्यायिक समितिका पदाधिकारीको क्षमता विकास गर्ने। | १. स्थानीय तहको क्षेत्राधिकारका विषयमा संघ र प्रदेश कानूनसँग सामञ्जस्य हुने गरी कानून निर्माण गर्न कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>२. स्थानीय शान्ति समिति, मेलमिलाप र मध्यस्थकर्तालाई पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।<br>३. जनप्रतिनिधि र आमनागरिकलाई विभिन्न जनोपयोगी विषयका कानूनी सवाल र प्रावधानको जानकारी गराइनेछ ।<br>४. पिडितलाई कानूनी सहायता प्रदान गर्न तथा आर्थिक विपन्नताकै कारण न्यायबाट वञ्चित हुने अवस्थाको न्युनीकरण गर्न न्यायिक समीतिको क्रियाशिलता बढाइनेछ ।<br>५. गाउँपालिका अन्तर्गतका समितिको कार्यप्रणालीलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाइनेछ । |

## उद्देश्य ४ – सुशासन वृद्धि गरी जनमुखी सेवा प्रवाह गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. लक्षित समूह र उद्देश्य प्राप्तिमा गर्ने योगदानको आधारमा बजेटको सांकतिकरण गर्ने । | १. लैङ्गिक सशक्तिकरण, जलवायु परिवर्तन, दिगो विकास लक्ष्यको प्राप्ति, गरिबी निकारण जस्ता आयाममा गर्ने योगदानको आधारमा बजेटको सांकेतिकरण गरिनेछ ।<br>२. बजेट सांकेतिकरणको आधारमा अनुगमन– मूल्याङ्कन र लेखापरीक्षण गराइनेछ । |
| २. जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनको आवश्यक उपकरणको अभ्यासलाई निरन्तरता दिने । | १. गाउँपालिकाले प्रदान गर्ने सेवाको बारेमा सबैले देख्ने स्थानमा सेवाको लागत, समय, जिम्मेवार पदाधिकारिको सूचना सहित डिजिटल नागरिक बडापत्र राखिनेछ ।<br>२. गाउँपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका नतिजाको आधारमा सुधार कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ ।<br>३. पूर्वाधार निर्माणका क्षेत्रमा लक्ष्य, गुणस्तर अनुसार कार्यसम्पादन भए/नभएको सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्राविधिक परीक्षणको आधारमा भुक्तानी दिने र सोको सार्वजनिकिकरण गरिनेछ ।<br>४. गाउँपालिकाले खरिद गुरुयोजना/योजना निर्माण गरेर मात्र खरिद गर्ने, खरिद विवरण सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्ने समयमा नै बेरुजु पछयौंट गर्ने |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | कर्मचारीलाई पुरस्कृत गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । |
| ३. सूचनामा पहुँच बढाउन गाउँपालिकाका कार्यप्रगतिलाई त्रैमासिक रुपमा सार्वजनिकिकरण गर्ने । | १. कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिनेछ । गाउँपालिकाबाट सम्पादित कार्यको आवधिक रुपमा स्वतस्फूर्त प्रकाशन गर्नुको साथै सार्वजनिक महत्वका विषयमा तोकिएको ढाँचा र समयमा सूचना उपलब्ध गराइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक, आर्थिक पर्यावरणीय, विकासका गतिविधि लगायतका सम्पूर्ण सूचना संकलन गरी अभिलेख केन्द्रको स्थापना गरिनेछ । |
| ४. प्रविधिमैत्री सेवाप्रवाहलाई प्रोत्साहन गर्न आवस्यक यन्त्र, उपकरणको खरिद गर्ने, उपयोग सम्बन्धी तालिमको व्यवस्था गर्ने । | १. गाउँपालिकामा नवीनतम प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी र दक्षतापूर्ण बनाउन सबै वडामा कम्प्युटर, इमेल, इन्टरनेटको सुविधा पुप्याइनेछ ।<br>२. Digital Literacy मार्फत सूचनाको सञ्जालीकरण गरिनेछ ।<br>३. गाउँपालिकाको वेभसाइट र सूचना पोर्टल नियमित स्तरोन्नती गरिनेछ ।<br>४. आर्थिक र प्रशासनिक कामकारबाहीलाई प्रविधिमैत्री बनाइनेछ ।<br>५. प्रविधिको प्रयोगसँगै साधारण मर्मतसंभार सम्बन्धी सीप विकासका लागि कर्मचारीलाई तालिम दिइनेछ । |

### उदेश्य ५ - व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउदे राष्ट्रिय परिचयपत्र प्राप्तिमा सघाउनु ।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. कानूनले तोकेको समयमा व्यक्तिगत घटना दर्ता गराउने संख्या बढाउने । | १. व्यक्तिगत घटना सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. व्यक्तिगत घटना दर्ताको संख्या वृद्धि गर्न सम्बन्धित वडाका जनप्रतिनिधिमार्फत जनचेतना विस्तार गरिनेछ ।<br>३. समयमा घटना दर्ता गराउनुको महत्वबारे सञ्चारका माध्यम, विद्यालय शिक्षामार्फत सबै नागरिकलाई सचेत बनाइनेछ ।<br>४. गाउँपालिकाभित्र सञ्चालित बालगृह र सुधारगृहको नियमित अनुगमन गरिनेछ।<br>५. राष्ट्रिय परिचयपत्र प्राप्तिका लागि फाराम भर्न, अन्य दस्तावेजीकरण गर्न सर्वसाधारणलाई सहयोग गर्न गाउँ कार्यपालिकाको कार्यालयमा जनशक्ति व्यवस्थापन गरिनेछ ।<br>६. जनसंख्या विवरण र घटनादर्ता अभिलेखका आधारमा विकासका क्षेत्रगत रणनीति तर्जुमा गरिनेछ । |

## उद्देश्य ६- मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने | १. मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको शुक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिने छ ।<br>२. मानवअधिकार उल्लङ्घन तथा मानवबेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रुपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र पत्रकारहरूको सहयोग लिइनेछ ।<br>३. यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्यूनीकरण गर्न कानुनी उपचार खोज्न र दोषिलाई कानुनको दायरामा ल्याउन प्रत्येक वडामा महिला अधिकारकर्मी तथा समाजसेवी, राजनीतिक नेतृहरूको अगुवाइमा एक सशक्त मानव अधिकार सेलको गठन गरिनेछ ।<br>४. बेपत्ता पारिएका, द्वन्द पिडित, बेचबिखनमा परेका, शहिद परिवार, लक्षित परिवारको लगत संकलन गरी उनीहरूको सशक्तिकरणका तथा सामाजिक पुन स्थापनाका लागि विशेष प्याकेज निर्माण गरी आयआर्जन र सामाजिक एकिकरणलाई सहज बनाइने छ ।<br>५. मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यायिक समितिमा दर्ता गर्न वडास्तरीय महिला सेललाई सक्रिय तुल्याउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुनेगरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ ।<br>७. न्यायमा पहुँच नभएका विपन्न वर्गहरूलाई निःशुल्क कानुनी परामर्श सेवा दिन संस्थागत व्यवस्था गरिनेछ ।<br>८. संविधान प्रदप्त सबै मौलिक हकहरूको कार्यान्वयन गराउन आवश्यक संयन्त्रको विकास गर्न एक अध्ययन गरी आवश्यक स्थानीय कानुन र राज्यका यन्त्रको प्रबन्ध गरिनेछ ।<br>९. न्यायिक समितिलाई थप पुर्वाधारयुक्त बनाइ पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।<br>१०. वडा स्तरीय मेलमिलाप समितिको अनुगमन तथा व्यवस्थापनलाइ अझ सक्रिय बनाइनेछ ।<br>११. आम जनसमुदायलाइ स्थानीय अदालतबाट दिइने सेवामा सहज र फराकिलो पहुँच पुर्याउने तर्फ अगाडी बढ्ने नीति अख्तियारी गरिनेछ । |

### दिगो वकास लक्ष्य न. १६ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| 1. | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत | प्रतिशत | १०० | १०० |

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| २. | हत्यादर (प्रति १०० जनामा) | प्रतिशत | - | - |
| ३. | गाउँपालिका भित्रबाट दर्ता गरिएका यौनहिंसांसम्बन्धी केसहरु | संख्या | - | - |
| ४. | गाउँपालिकाबाट दर्ता गरिएका सम्बन्ध विच्छेद सम्बन्धी केसहरु | संख्या | १ | - |
| ५. | गाउँपालिकामा दर्ता भएका कुल मुद्धाहरुमध्ये फछ्यौट भएका मुद्धाको प्रतिशत | प्रतिशत | ९५ | १०० |
| ६. | कुल बजेटमध्ये खर्चको अनुपात | प्रतिशत | ९० | ९८ |

**स्रोत-** गाउँपालिकाको कार्यालय

## लक्ष्य-१७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

### उद्देश्य १ राजश्वको क्षेत्र पहिचान र परिचालन क्षमता विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. दिगो, फराकिलो र जनताले तिर्न सक्ने कर प्रणालीको स्थापना गर्ने । | १. राजश्व परामर्श समितिको अध्ययनको आधारमा मात्र कर र गैरकरका दर र दायरा पुनरावलोकन गरिनेछ ।<br>२. करका संभावित स्रोतको अध्ययन गरिनेछ ।<br>२. राजश्व व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनमार्फत राजश्व चुहावट नियन्त्रण गरिनेछ ।<br>३. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनका आधारमा राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ ।<br>४. कर र सेवासुविधा बीच सकारात्मक सम्बन्ध बनाइ करमैत्री वातावरण बनाइनेछ । |
| २. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | १. सार्वजनिक खर्चका मापदण्ड र मितव्ययिता कायम हुने नीति निर्माण गरी लागू गरिनेछ ।<br>२. अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिनेछ ।<br>३. राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोहि अनुसारको प्रणाली विकास गरिनेछ ।<br>४. सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ ।<br>५. राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्छ भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिनेछ ।<br>६. राजश्वका स्रोतहरूको पहिचान गर्न राजश्व सुधार कार्य योजना तयार गरी लागू गरिनेछ ।<br>७. गाउँपालिकाका ठूला करदातालाई सार्वजनिक सम्मान गरिनेछ ।<br>८. सीमान्तकृत वर्ग र महिला उद्यमीलाई व्यवसाय सञ्चालन गर्न मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ९. गाउँपालिकाको आयव्ययको विवरण नियमित रुपमा प्रकाशन गर्ने प्रबन्ध मिलाइनेछ ।<br>१०. गाउँपालिकाबासीलाई कर तिर्न प्रेरित गरिनेछ ।<br>११. अधिकतम कर संकलनका लागि, कर तिरौं आफ्नै लागि भन्ने अभियान संचालन गरिनेछ<br>१२. कर दर निर्धारण पद्धति तथा असुलीमा नीतिगत स्पष्टता कायम गरिनेछ |

## उद्देश्य २ - गाउँपालिकाभित्र उद्योग, व्यापार र व्यवसायलाई प्रोत्साहन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाभित्र नवप्रर्वतनमा आधारित, उत्पादन र रोजगारीमुलक उद्योग स्थापना गर्न इच्छुक लगानीकर्तालाई आर्थिक, प्राविधिक र प्राक्रियागत सहजीकरण गर्ने । | १. प्रोत्साहनमूलक लगानी साझेदारीको लागि Start Up Fund सम्बन्धी कानून र कोषको स्थापना र पूँजी परिचालनको संभाव्यता बारे अध्ययन गरिनेछ ।<br>२. स्थानीय तहका प्राथमिकताप्राप्त आयोजना कार्यान्वयनको लागि संघ र प्रदेश सरकारसँग समेत साधन, स्रोत र कार्यान्वयन ढाँचाको बारेमा सहकार्य गरिनेछ ।<br>३. नवप्रर्वतनकारी सोच र व्यवसायिक योजना भएका उद्यमीलाई गाउँपालिकाले उद्योग व्यवसाय स्थापना र सञ्चालनमा नीतिगत, आर्थिक र प्राविधिक सेवा प्रदान गर्नेछ । |

## उद्देश्य ३ - परम्परागत सीप, पेशाको आधुनिकिरण गर्ने तथा नवीनतम प्रविधिमा आधारित वैज्ञानिक खोज तथा अनुसन्धानलाई विद्यालयतह देखि नै प्रोत्साहन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालय शिक्षा देखि नै खोज तथा अनुसन्धान, उद्यमशिलता, नवीनतम सोच भएका मानवसंसाधन विकासमा लगानी बढाउने। | 1. अन्तरविद्यालय विज्ञान प्रविधि तथा नवीनतम आविष्कार प्रतियोगिता आयोजना गर्न विद्यालय व्यवस्थापन समितिलाई आर्थिक सहयोग गरिनेछ ।<br>२. विद्यार्थीमा उद्यमशिलता, नवप्रवर्तनात्मक सोच, रचनात्मक कार्यशैली अपनाउन गाउँपालिका वा जिल्लाबाट विभिन्न क्षेत्रमा सफल भएका व्यक्तिबाट करियर काउन्सिलिङ, अन्तरक्रिया आयोजना गरिनेछ ।<br>३. परम्परागत सीप अवलम्बन गरिरहेका समुदायमा पेशाप्रतिको सम्मानभाव बढाउन पेशाको आधुनिकिकरण, व्यवसायिकरण र बजारीकरण सम्बन्धी सीप विकास गरिनेछ। |

## दिगो विकास लक्ष्य न. १७ सँग सम्बन्धित सूचक र गन्तव्य

| क्र स | नतिजा सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | अन्तिम बर्ष २०८७/०८८ |
|---|---|---|---|---|
| 1. | कुल बजेटमा आन्तरिक आयको अनुपात | | २ | ४ |
| २. | कुल बजेटको अनुपातमा संघीय र प्रदेश सरकारको अनुदान | प्रतिशत | ९८ | ९५ |
| ३. | कुल बजेटको अनुपातमा राजश्व बाँडफाँडको प्रतिशत | प्रतिशत | २२ | ३५ |
| ४. | इन्टरनेट घनत्व | घर | १०० | ३०० |

**स्रोत-** गाउँपालिकाको कार्यालय

## ३.२ अपेक्षित उपलब्धी

लिखुपिके गाउँपालिकाको आवधिक र क्षेत्रगत योजना, वार्षिक नीति, कार्यक्रम र बजेट लगायतका सबै आर्थिक योजनामा दिगो विकास लक्ष्यको प्राथमिकिकरण र स्थानीयकरण भएको हुनेछ। दिगो विकास लक्ष्यको कसैलाई पछाडी नछोड्ने मार्गनिर्देशक सिद्धान्तअनुसार गाउँपालिकाबाट गरिबीको अन्त्य, भोकमरीको अन्त्य, आधारभूत र गुणस्तरीय स्वास्थ्य, शिक्षामा सबैको पहुँच, लैङ्गिक समानतापूर्ण समाज निर्माण, स्वच्छ खानेपानी तथा सरसफाई, आधुनिक र सुलभ उर्जामा सबैको पहुँच, मर्यादित रोजगारी, उत्थानशील पूर्वाधारको निर्माण, असमानताको अन्त्य, सुरक्षित बस्ती विकास, दिगो उत्पादन र उपभोग, जलवायु परिवर्तनजस्ता १७ वटै सूचकमा गाउँपालिकाले उल्लेख्य उपलब्धी हासिल गरेको हुनेछ । तीनैतहका सरकार, विकासका साझेदार, आमनागरिक समाजलगायत Whole of Society को एकीकृत प्रयास र ऐक्यबद्धता भएमा महामारी, आर्थिक विचलन, चालु खर्चको बढ्दो ग्राफका बीच पनि दिगो विकास लक्ष्यमैत्री गाउँ प्रशासन र विकास व्यवस्थापन भएको हुनेछ।

## ३.३ संस्थागत व्यवस्था

अविभाज्य र अन्तरसम्बन्धित चरित्रयुक्त दिगो विकास लक्ष्य कार्यान्वयनको लागि गाउँपालिकामा राजनैतिक नेतृत्व र प्रशासनिक इच्छाशक्ति सहितको प्रतिबद्ध समितिको आवश्यकता पर्दछ । यस्तो समितिले दिगो विकास लक्ष्यमैत्री कानूनी, संस्थागत, मानवीय, आर्थिक, प्राविधिक स्रोतको व्यवस्था गर्न, तहगत सरकारका क्षेत्रगत लक्ष्य र विकासका साझेदार र गाउँपालिकाभित्रैको विषयगत शाखाबीच समन्वय गरी प्रभावकारी कार्यान्वयनलाई अगाडी बढाउनेछ ।

## ३.४ वित्तीय स्रोत

यो रणनीति कार्यान्वयको लागि गाउँपालिकाको आन्तरिक स्रोत, संघीय र प्रादेशिक सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण, अनुदान र राजस्व बाँडफाँट प्राप्त हुने रकम नै प्रमुख स्रोत हुन् ।यस रणनीतिले राखेको उदेश्य राज्य, निजी क्षेत्र, सहकारी क्षेत्र, विकासका साझेदार, व्यक्ति, परिवार सबै पक्षको एकीकृत लगानीको योगफल आवश्यक पर्दछ ।यसका साथै यो रणनीति कार्यान्वयनको लागि समष्टिगत र क्षेत्रगत लागत अनुमान सहितको कार्ययोजना निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार, संयुक्त राष्ट्रसंघीय निकायहरू, निजी-सहकारी र गैरसरकारी क्षेत्र, व्यक्ति तथा परिवारसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्नुपर्नेछ ।

## ३.५ अनुगमन तथा मूल्याङ्कन

यस रणनीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्यांकन गर्ने दायित्व गाउँपालिकाको हुनेछ । यसको लागि गाउँपालिकाको संस्थागत क्षमता विकास गरी वडा तह एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक समिक्षा र अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक ३ वर्ष यस रणनीति कार्यान्वयनको समीक्षा गरी आवश्यकताअनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ३.६ जोखिम

संघीयताको नवीनतम अभ्यासका क्रममा संघ, प्रदेश र स्थानीय तहमा अझै राजनैतिक, प्रशासनिक, कानूनी र व्यवस्थापकिय अन्यौलता र जटिलता कायम रहेका छन् । एकातर्फ कार्य जिम्मेवारीको अनगिन्ती सूची अर्कोतर्फ उक्त जिम्मेवारीलाई यथार्थमा परिणत गर्न आवश्यक संस्थागत, संरचनागत, कानूनी, मानवीय, आर्थिक र प्राविधिक क्षमताको अभाव संघ र प्रदेश सरकारमा भन्दा स्थानीय सरकारमा अझ बढि देखिन्छ।उल्लिखित परिस्थितिलाई विश्वव्यापी महामारी, अर्थतन्त्रको विचलन, राजस्व संकलनमा भएको संकुचन जस्ता विषयले अझै जटिल बनाएको छ ।

यसै परिदृष्यमा दिगो विकास लक्ष्यलाई स्थानीय आवश्यकता अनुसार प्राथमिकिकरण गरी आवधिक योजना, मध्यमकालिन खर्च संरचना, बार्षिक बजेट तथा कार्यक्रममा आन्तरिकिकरण गर्नु, दिगो विकास लक्ष्य कार्यान्वयनमा राजनैतिक, प्रशासनिक र सबै सरोकारवालाको अपनत्व विकास गर्नु, जटिल सूचकलाई स्थानीय आवश्यकतानुसार customize गर्न सक्ने दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, परिमाणात्मक लक्ष्य प्राप्तिको दिशामा पर्याप्त लगानी, नतिजामा आधारित अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापकिय सुधार सहित लक्ष्य प्राप्तिमा सुधारको अग्रसरता जस्ता कार्य गर्न नसकिएमा दिगो विकास लक्ष्यको स्थानीयकरण रणनीतिको प्रभावकारी कार्यान्वयन नहुने जोखिम रहन्छ ।

## ३.७ खारेजी

हाल सम्म गाउँपालिकामा दिगो विकास लक्ष्यको स्थानीयकरण रणनीति लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने ।